# लेखापरीक्षण प्रतिवेदन

# शुभ कालीका गाउँपालिका, कालिकोट

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# शुभ कालीका गाउँपालिका, कालिकोट

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
२०८२ वैशाख
महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/74

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
शुभकालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट।

## कैफियतसहितको राय

हामीले शुभकालिका गाउँपालिका, कालिकोटको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ६२ लाख ७२ हजार, गरिबसँग बिश्वेश्वर

कार्यक्रमको रु.५ लाख २६ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ७ लाख २० हजार समेत रु.७ करोड ७५ लाख १८ हजार समावेश गरेको छैन ।

२.गाउँपालिकाको रु. ९८ करोड ८० लाख ७५ हजारको लेखापरीक्षण गरिएकोमा रु. ५ करोड ४३ लाख २५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. २ करोड १० लाख २८ हजार फर्स्यौट भई बाँकी बेरुजू रु. ३ करोड ३२ लाख ९७ हजार मध्ये असुल गर्नुपर्ने रु. १३ लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड १३ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९३ लाख १४ हजार र पेस्की बाँकी रु. १२ लाख ५० हजार रहेको छ। गत वर्षसम्म रु. १७ करोड ७९ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष रु. १५ हजार फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु. २१ करोड १२ लाख ७१ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाको वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सवै लेखा टिप्पणीहरु र सम्पती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित

आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु आर्थिक वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | १४२ | ५,४३,२४,७२९ | ० | ४३ | २,१०,२८,०२७ | ० | ६१ | ९९ | ३,३२,९६,७०२ | १३,३६,२६४ | १,९३,१३,२८५ | १,१३,९७,१५३ | ० | ० | ३,०७,१०,४३८ | १२,५०,००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कालिकोट | १७,७९,८८,९९२ | ० | १५,००० | १७,७९,७३,९९२ | ० | ३,३२,९६,७०२ | २१,१२,७०,६९४ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | विभिन्न | सामाजिक सुरक्षा | २,४६,५०७ |
| २ | २०८०/८१ | ४० | जिन्सी दाखिला | ६,४१,४४६ |
| ३ | २०८०/८१ | ३७.४ | चालु खर्चतर्फ | ३,७८,८३२ |
| ४ | २०८०/८१ | ४.४ | वित्तीय प्रतिवेदन | ११,५८,३६२ |
| ५ | २०८०/८१ | १४.४ | कर दस्तुर एवं आन्तरिक आय | ६०,६०९ |
| ६ | २०८०/८१ | ९ | अनुदान फिर्ता | १,८५,४२,२७१ |
| ७ | २०७९/८० | विभिन्न | भत्तामा कर छुट | २,२५० |
| ८ | २०७९/८० | विभिन्न | बढी प्रशिक्षण भत्ता | १२,७५० |
| **जम्मा** | | | | **२,१०,४३,०२७** |

# (८०६६५५०१३०० - शुभ कालीका गाउँपालिका, कालिकोट )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा , ९७.२ वर्ग किलोमिटर क्षेत्रफल तथा १३७७३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रारम्भिक प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१९ देखि २०८१।५।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रारम्भिक प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय - व्ययतर्फ रु. ९८,८०,७५,३२२.७२ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,९९,४२७ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| **बैंक** | **व्यहोरा** | **बैंक भौचर नम्बर** | **दाखिला मिति** | **रकम** |
|---|---|---|---|---|
| कृषि विकास बैंक | राजश्व दाखिला | ७३३१२१२०३ | २०८१-०५-२० | ५४२६ |
| कृषि विकास बैंक | राजश्व दाखिला | १४९१२६५०२९५६४२३३८-७३३३२११११३५ | २०८१-०५-२० | १०८० |
| कृषि विकास बैंक | पारिश्रमिक कर कट्टा नभएको | ६९१०२९९२ | २०८१-०५-२३ | ९००० |
| कृषि विकास बैंक | पारिश्रमिक कर कट्टा नभएको | ६९१२३०५४ | २०८१-०५-२३ | २४९०० |
| कृषि विकास बैंक | अग्रिम कर कट्टा नभएको | ६९१२२२०४ | २०८१-०५-२३ | १२७० |
| कृषि विकास बैंक | पारिश्रमिक कर कट्टा नभएको | ६९१२२६४१ | २०८१-०५-२३ | ९६०० |
| राष्ट्रिय वाणिज्य बैंक | अग्रिम कर कट्टा नभएको | ६९१४९६७७ | २०८१-०५-२३ | ५६५४ |
| राष्ट्रिय वाणिज्य बैंक | अग्रिम कर कट्टा नभएको | ६९५१३९६४ | २०८१-०५-२० | ६७०० |
| राष्ट्रिय वाणिज्य बैंक | अग्रिम कर कट्टा नभएको | ६९५१३९६३ | २०८१-०५-२० | १७८७५ |
| राष्ट्रिय वाणिज्य बैंक | अग्रिम कर कट्टा नभएको | ६९५१३९६२ | २०८१-०५-२० | २२५१ |
| राष्ट्रिय वाणिज्य बैंक | पाठ्यपुस्तक र सिकाई सामाग्री | ६९५८१०११ | २०८१-०६-०१ | १५६०० |
| राष्ट्रिय वाणिज्य बैंक | तलब भत्ता बढी निकासा | ६९६२५५५० | २०८१-०६-०२ | ४८३२ |
| राष्ट्रिय वाणिज्य बैंक | पाठ्यपुस्तक | ६९६८८१७९ | २०८१-०६-०४ | १९१५५ |
| राष्ट्रिय वाणिज्य बैंक | पाठ्यपुस्तक | ६९६९७८४१ | २०८१-०६-०४ | ११०४२ |
| राष्ट्रिय वाणिज्य बैंक | पाठ्यपुस्तक | ६९६९९२४० | २०८१-०६-०४ | ८६६० |
| राष्ट्रिय वाणिज्य बैंक | दिवा खाजा र सिकाई सामाग्री | ६९६९८३६८ | २०८१-०६-०४ | २९४० |
| राष्ट्रिय वाणिज्य बैंक | पाठ्यपुस्तक | ६९७०००५८ | २०८१-०६-०४ | २११० |
| राष्ट्रिय वाणिज्य बैंक | पाठ्यपुस्तक र सामाग्री | ६९७०२७५८ | २०८१-०६-०४ | १२१०४ |
| राष्ट्रिय वाणिज्य बैंक | पाठ्यपुस्तक र सामाग्री | ६९७०१७०६ | २०८१-०६-०४ | ५४७७१ |
| राष्ट्रिय वाणिज्य बैंक | पाठ्यपुस्तक | ६९६९९५८६ | २०८१-०६-०४ | १२०० |
| राष्ट्रिय वाणिज्य बैंक | दिवा खाजा | ६९६९६७३१ | २०८१-०६-०४ | ४२५४० |
| राष्ट्रिय वाणिज्य बैंक | छात्रवृत्ती र पाठ्यपुस्तक | ६९६९७३६७ | २०८१-०६-०४ | २५७१७ |
| राष्ट्रिय वाणिज्य बैंक | शिक्षकको बढि तलब | ७०२८६२६९ | २०८१-०६-१६ | १५००० |
| | | | जम्मा | २९९४२७ |

## २ **प्राप्ती र भुक्तानीको एकिकृत प्रतिवेदन**

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

| | | प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६,८४,२३,५२८.३२ | ०.०० | ६,८४,२३,५२८.३२ | ४,३२,९८,९४३.६८ | ०.०० | ४,३२,९८,९४३.६८ |
| १३००० | अनुदान | ३१,०२,८२,८६४.०० | ०.०० | ३१,०२,८२,८६४.०० | ३२,७८,२९,६९३.०० | ०.०० | ३२,७८,२९,६९३.०० |
| १४००० | अन्य राजस्व | ४,९७,८३५.०८ | ०.०० | ४,९७,८३५.०८ | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | ३७,९२,०४,२२७.४० | | ३७,९२,०४,२२७.४० | ३७,११,२८,६३६.६८ | | ३७,११,२८,६३६.६८ |
| ३ | चालु | २८,३७,९०,३७५.६६ | ०.०० | २८,३७,९०,३७५.६६ | ३१,८६,५४,७१४.१० | ०.०० | ३१,८६,५४,७१४.१० |
| २१००० | पारिश्रमिक / सुविधा | २,८९,८५,७७३.५६ | ०.०० | २,८९,८५,७७३.५६ | ३,४०,७५,०६१.१० | ०.०० | ३,४०,७५,०६१.१० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६,४५,२९,०७८.०० | ०.०० | ६,४५,२९,०७८.०० | १०,००,८१,२२९.०० | ०.०० | १०,००,८१,२२९.०० |
| २५००० | सहायता (Subsidy) | १,५९,४०,९८२.०० | ०.०० | १,५९,४०,९८२.०० | ३,१५,०००.०० | ०.०० | ३,१५,०००.०० |
| २६००० | अनुदान | १६,७४,२९,०९३.१० | ०.०० | १६,७४,२९,०९३.१० | १७,२२,३८,३०९.०० | ०.०० | १७,२२,३८,३०९.०० |
| २७००० | सामाजिक सुरक्षा | २९,१४,२४९.०० | ०.०० | २९,१४,२४९.०० | ९७,०३,७७५.०० | ०.०० | ९७,०३,७७५.०० |
| २८००० | अन्य खर्च | ३९,९१,२००.०० | ०.०० | ३९,९१,२००.०० | २२,४१,३४०.०० | ०.०० | २२,४१,३४०.०० |
| ४ | पूंजीगत | ७,२७,०४,३८०.०० | ०.०० | ७,२७,०४,३८०.०० | ७,७८,४९,८३३.५९ | ०.०० | ७,७८,४९,८३३.५९ |
| ३१११० | भवन तथा संरचना | ४,७०,३२४.०० | ०.०० | ४,७०,३२४.०० | १,२९,८३,१२६.०० | ०.०० | १,२९,८३,१२६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ६५,९१,२४०.०० | ०.०० | ६५,९१,२४०.०० | २४,१३,९६२.०० | ०.०० | २४,१३,९६२.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ९९,४४०.०० | ०.०० | ९९,४४०.०० | ३९,६७,९८५.०० | ०.०० | ३९,६७,९८५.०० |
| ३११४० | सुरक्षा उपकरण | ०.०० | ०.०० | ०.०० | ७,००,०००.०० | ०.०० | ७,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६,३६,६७,५१८.०० | ०.०० | ६,३६,६७,५१८.०० | ५,३७,७२,८०२.५९ | ०.०० | ५,३७,७२,८०२.५९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ०.०० | ०.०० | ०.०० | १०,३९,९००.०० | ०.०० | १०,३९,९००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | १८,७५,८५८.०० | ०.०० | १८,७५,८५८.०० | २९,७२,०५८.०० | ०.०० | २९,७२,०५८.०० |
| ख) | कुल जम्मा भुक्तानी | ३५,६४,९४,७५५.६६ | | ३५,६४,९४,७५५.६६ | ३९,६५,०४,५४७.६९ | | ३९,६५,०४,५४७.६९ |
| ग) | बचत /कमी (ग = क-ख ) | २,२७,०९,४७१.७४ | | २,२७,०९,४७१.७४ | (२,५३,७५,९११.०१) | | (२,५३,७५,९११.०१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (६,६८,६८,१८२.९७) | | (६,६८,६८,१८२.९७) | ९,४२,१६०.९७ | | ९,४२,१६०.९७ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (११,५८,३६२.००) | | (११,५८,३६२.००) | (१३,९५२.००) | | (१३,९५२.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (४,४१,५८,७११.२३) | | (४,४१,५८,७११.२३) | (२,४४,३३,७५०.०४) | | (२,४४,३३,७५०.०४) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ९,९५,५९,९६९.४४ | | ९,९५,५९,९६९.४४ | ४,७९,६६,२७७.८९ | | ४,७९,६६,२७७.८९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५,५४,०१,२५८.२१ | | ५,५४,०१,२५८.२१ | २,३५,३२,५२७.८५ | | २,३५,३२,५२७.८५ |

## ३ एकिकृत आर्थिक प्रतिवेदन

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | २८३७९०३७५.७ | |
| | क) नगद | | | २ | पूँजीगत खर्च | ७२७०४३८० | |
| | ख) बैंक | १६२८७१३९.९९ | १६२८७१३९.९९ | ३ | विविध खर्च भुक्तानि ( चालु पुजीगत) | ४१४८७४०५.६१ | |
| २ | राजस्व ( आन्तरिक आय) | | ६९१५१५१६.७५ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १०९३१२२.९१ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ६७७८२५४४.८४ | | | ग) अन्य भुक्तानी | | |
| | ग) प्रदेश राजष्व | २७५८४९ | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २६९८४९४७६ | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ८६६६६८२९ | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १७६०७५९७५ | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | धरौटी फिर्ता | ३७२३३६ | |
| | घ) विशेष अनुदान | ७१०६६७२ | | ६ | निकासा कम भएको | ० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३३९८४७८८ | ७ | शसर्त अनुदान फिर्ता गर्न बाँकी | १८५४२२७२ | |
| | क) वित्तिय समानीकरण अनुदान | १०५२८००० | | ८ | अन्तर सरकारी अख्तियारीबाट खर्च | | |
| | ख) सशर्त अनुदान | १९५३०२१६ | | | क सामाजिक सुरक्षा | ७६२७१८४६ | |
| | ग) समपुरक अनुदान | ३०७५५७२ | | | ख) आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ७२०००० | |
| | घ) विशेष अनुदान | ८५१००० | | | ग) गरिव संग विश्वेश्वर | ५२६००० | |
| | | | | | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | | |
| | | | | | | | |
| | | | | ९ | मौज्दात | २५४४२७८७ | |
| ५ | अन्तर सरकारी अख्तियारीबाट प्राप्त | | | | क) संचित कोष मौज्दात | २८०५४१५.७६ | |
| | क सामाजिक सुरक्षा | ७६२७१८४६ | ७६२७१८४६ | | ख) धरौटी मौज्दात | २५५०४७२ | |
| | ख) आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ७२०००० | ७२०००० | | ग) विविध कोष खाता मौज्दात | २००८६८९९.१९ | |
| | ग) गरिव संग विश्वेश्वर | ५२६००० | ५२६००० | | | | |
| | घ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | | | | | | |
| | ङ) ...... | | | | | | |
| ६ | अन्य | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) क्षेत्रीय शहरी विकास योजना | | | | | | |
| | ख) सडक बोर्ड नेपाल | | | | | | |
| | ग) युनिसेफ | १२२९८०० | १२२९८०० | | | | |
| | घ) wfp | ४९२३७४९९.८ | ४९२३७४९९.८ | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | २५९९३३५ | २५९९३३५ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | ० | | | | ० | |
| | जम्मा | ५१९८५७४०१.५ | ५१९८५७४०२ | | जम्मा | ५१९८५७४०२ | |
| | | | | | | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले संघीय सरकार तर्फको सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,६२,७१,८४६, गरिबसँग बिश्वेश्वर कार्यक्रमको रु.५,२६,०००, प्रदेश सरकार तर्फ आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.७,२०,००० समेत रु.७,७५,१७,८४६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४.२ **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । म.ले.प.फा.नं.२७० अनुसार गत वर्षको अन्त्यमा बैक तथा नगद मौज्दात रु.२,३५,३२,५२७.८५ रहेकोमा सुत्र सफ्टवेयरमा गत वर्षको जिम्मेवारी रु.९,९५,५९,९६९.४४ सारेको देखियो । जसअनुसार रु.७,६०,२७,४४१.५९ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । गत वर्षको मलेप प्रतिवेदनमा बाँकी मौज्दात रु.२३,५४,६७९.८५ देखाएकोमा यसबर्षको जिम्मेवारी रु.१,६२,८७,१३९.९९ सारेकोमा बढी रु.१,३९,३२,४६०.१४ सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ । म.ले.प.फा.नं.२७० ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत

आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ९,९५,५९,९६९.४४ | ३७,९२,०४,२२७.४० | ३५,६४,९४,७५५.६६ | ५,५४,०१,२५८.२१ |
| एकीकृत आर्थिक विवरणअनुसार | १,६२,८७,१३९.९९ | ५०,३५,७०,२६१.५१ | ४६,८९,७१,८२८.०५ | ३,५३,५२,३४१.२९ |
| फरक | ८,३२,७२,८२९.४५ | -१२,४३,६५,९८१.११ | -११,२४,७७,०७२.३९ | २,००,४८,९१६.९२ |

४.३ **बैक हिसाब मिलान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । म ले प फा नं. २७० अनुसार श्रेस्तामा रु.५,६२,५१,८५५.६० बाँकी देखाएकोमा बैकमा शून्य मौज्दात देखिएकोले फरक रु. ५,६२,५१,८५५.६० सम्बन्धमा सुत्र सफ्टवेयरमा बैंक मौज्दातको हिसाब मिलान नभएको कारण फरक परेको बैंक मौज्दात मध्ये रु. ३,५३,५२,३४१.२९ म्यानुअल रुपमा पेश गरेको छ । सुत्र सफ्टवेयरमा बैंक मौज्दातको हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| कृषि विकास बैंक लिमिटेड | ०७२५९०१५३५६६९०५० | ग १.१, आन्तरिक राजस्व खाता | ९६,५७४.९५ | ०.०० |
| कृषि विकास बैंक लिमिटेड | ०७२५९०१५३५६६९०१८ | ग २.१, चालू खर्च खाता-विजोर वर्ष | २,८१,६४,८१०.७४ | ०.०० |
| कृषि विकास बैंक लिमिटेड | ०७२५९०१५३५६६९०२६ | ग २.३, पूँजिगत खर्च खाता-विजोर वर्ष | १,०९,८५,६०७.४३ | ०.०० |
| कृषि विकास बैंक लिमिटेड | ०७२५९०१५३५६६९१०७ | ग २.७, विविध खर्च खाता | १,४१,७७,६७४.४८ | ०.०० |
| कृषि विकास बैंक लिमिटेड | ०७२५९०१५३५६६९०४२ | ग ३.१, स्थानीय तह धरौटी खाता | २२,२६,९७२.०० | ०.०० |
| कृषि विकास बैंक लिमिटेड | ०७२५९०१५३५६६९०३४ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३४,५०,२१६.०० | ०.०० |
| बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] | | | (२८,५०,०००.००) | |
| जम्मा | | | ५,६२,५१,८५५.६० | |

४.४ **कट्टी रकम दाखिला बाँकी**

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,१५८,३६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४.५ **आर्थिक कारोबारको लेखाङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

## ५ आन्तरिक नियन्त्रण

५.१ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरूलाई कार्यान्वयन गर्न मिति २०७८।०८।१३ मा परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रणं प्रणाली निर्देशिका बनाई लागु गरेको छैन। वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधार हुनु पर्दछ ।

५.२ **भ्रमण खर्च :** कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण खर्च वापत रु.५२,५६,४८९ खर्च लेखेकोमा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नभई कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त नभएको,भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमण खर्च लेखेको, कतिपय भ्रमण कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च लेखेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । केहि उदाहरण -

| गो.भौ.नं.।मिति | भ्रमण गर्नेको नाम | भ्रमण स्थान | प्रयोजन | भ्रमण मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३२। २०८०-०९-२७ | ध्रुव रोकाया | मुग्राह,हाउडी,भर्ता,छाती | कार्यालयको काम काज | २०८०-०४-०७ देखि २०८०-०४-१३ सम्म | २५००० |
| | | वडा नं.१,२,३, | | २०८०-०६-२३ देखि २०८०-०६-२९ सम्म | |
| | | मान्म | को.ले.नि.का.को काम | २०८०-०५-२९ देखि २०८०-०६-०४ सम्म | |
| ३४। २०८०-०९-२७ | दिप बहादुर शाही | सुर्खेत | मोटरसाईकल मर्मत | २०८०-०६-०३ देखि २०८०-०६-१४ सम्म | ९३७५ |
| ४४। २०८०-१०-०३ | तिल बहादुर शाही | मान्म | कार्यालयको कामकाज | २०८०-०४-३२ देखि २०८०-०५-०६ | ९२२० |
| ४९। २०८०-१०-११ | गोपीचन्द्र अधिकारी | सोरेघाट देखि नैनेलडाँडा हुदै भत्तागढ सम्म | रोड मर्मत सर्वे | २०८०-०६-०८ देखि २०८०-०६-१४ | ८२५० |
| | | वडा नं.१ र २ | सर्भे सडक अनुगमन | २०८०-०६-१६ देखि २०८०-०६-२२ | ८२५० |
| ५४। २०८०-१०-१४ | विरेन्द्र चौलागाई | मान्म | कार्यालयको काम काज | २०८०-०५-२९ देखि २०८०-०६-०४ | ८५०० |
| ६७। २०८०-०६-१२ | धिरेन्द्र बहादुर शाही | वडा नं.२ | योजनाको काम गर्न | २०८०-०६-१२ देखि २०८०-०६-१८ | ९२५० |
| ९९। २०८०-११-१६ | दिपेन्द्र अधिकारी | वडा नं.१ र २ | योजना अनुगमन | २०८०-०८-२४ देखि २०८०-०८-३० | ९३७५ |
| ७४। २०८०-०७-१० | नरेन्द्र प्रसाद चौलागाई | वडाहरु | योजना अनुगमन तथा मूल्यांकन | २०८०-०७-११ देखि २०८०-०७-१७ | ११००० |
| ६१। २०८०-१०-१९ | नविन शाही | सुर्खेत | कार्यालयको काम | २०८०-१०-११ देखि २०८०-१०-१७ | १२००० |
| ६३। २०८०-१०-२० | हेमन्ती बोहोरा | शुभकालिका वडा नं.१ र २ | सडक सर्भे | २०८०-०६-१५ देखि २०८०-०६-२१ | ८२५० |
| ६७। २०८०-१०-२० | भिम प्रसाद चौलागाई | वडा नं. ७ र ८ | आयोजना सर्भे | २०८०-०५-२६ देखि २०८०-०६-०१ | १११६४ |
| | | वडा नं.२ र ३ | रोड मर्मतको लागि अनुगमन | २०८०-०६-०८ देखि २०८०-०६-१४ | १११६४ |
| ३०६। २०८१-०३-२३ | सुर्य बहादुर रावल | वडा नं.७ र ८ | कृषि फिल्ड अवलोकन | २०८१-०३-०६ देखि २०८१-०३-१२ | ८२५० |
| | | | | जम्मा | १४९०४८ |

५.३

**जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS मा प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार नगरेको, गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सम्पूर्ण सामाग्रीको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो नगरेको, गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक नगरेकोले पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

५.४ **वडा कार्यालय तथा अन्य शाखाबाट खरिद** –आर्थिक कार्याविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०7७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक राख्नु पर्ने व्यवस्था छ । वडा तथा अन्य शाखाको खरिदको नमुना छनौट गरीएकोमा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव तथा शाखा प्रमुख आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने र वडा र शाखाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाई जिन्सी आम्दानी गर्ने र सोही बमोजिम विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट सञ्चालन गर्ने निकायबाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेख PAMS मा चढाई हस्तान्तरण मार्फत् वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको जिन्सी सहायक खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको देखिएन । यसमा सुधार हुनुपर्दछ।यसका केहि उदाहरण निम्नानुसार छन् –

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|
| ४५।२०८०-१०-०३ | भुपेन्द्र तिमल्सिना,वडा नं.२ | मसलन्द तथा कार्यालय सामाग्री | १४०९५३ |
| ५५।२०८०-१०-१४ | छत्र बहादुर शाही वडा नं.४ | मसलन्द तथा कार्यालय सामाग्री | ६६९१२ |
| ५९।२०८०-१०-१४ | बिरेन्द्र बहादुर शाही, वडा नं.८ | मसलन्द तथा कार्यालय सामाग्री | १९७२१९ |
| ७४।२०८०-११-०६ | दिनेश तिरुवा,वडा नं.५ | मसलन्द तथा कार्यालय सामाग्री | ७८३८६ |
| ९८।२०८०-११-१६ | जयकृष्ण आचार्य,स्वास्थ्य शाखा | RUSCG स्वास्थ्य सामाग्री | ३८३७० |
| १११।२०८०-११-१७ | पृथ्वी बहादुर शाही, वडा नं.४ | बालबालिका लक्षित शैक्षिक सामाग्री | १९७००० |
| १८९।२०८१-०१-२५ | विरेन्द्र बहादुर शाही,वडा नं.८ | मसलन्द तथा कार्यालय सामाग्री | १४८९७० |
| १९१।२०८१-०२-०६ | भुपेन्द्र तिमल्सिना, वडा नं.२ | मसलन्द तथा कार्यालय सामाग्री | १२८८२६ |
| २८१।२०८१-०३-२३ | आर.एस.एण्ड डि एस इलेक्ट्रोनिक्स पसल,वडा कार्यालय | मसलन्द तथा कार्यालय सामाग्री | १४२६४० |
| | | जम्मा | ११३९२७६ |

## ६ योजना तर्जुमा, बजेट तथा कार्यक्रम

६.१ **नीति तथा कार्यक्रमको कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको

भएतापनि आगामी आर्थिक वर्षको केही नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । नीति तथा कार्यक्रममा उल्लेख भएका ब्यहोराहरु कार्यान्वियन नभएका केही उदाहरणहरु देहाय अनुसार रहेका छन् -

• सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गर्ने,

• शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गर्ने,

• वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रमसँग आवद्ध गर्ने,

• गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने,

• सबै वडाहरूलाई बालमैत्रि वडा घोषणा गर्ने,

• सामुदायिक विद्यालयहरुमा विद्याथीहरुको नियमित स्वास्थ परिक्षण गर्ने,

• अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गर्ने,

• स्वास्थ्य क्लिनिकहरुलाई अनिवार्य रुपमा दर्ता गर्नुका साथै उक्त क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको सुनिश्चीतताका लागि नियमित अनुगमन गर्ने,

• कृषि योग्य भुमिको पूर्ण उपयोग सुनिश्चित गर्न कुनै पनि कृषि योग्य जमिन बाँझो नराखी उक्त जमिनमा खेती गर्न चाहने कृषकहरुलाई असल कृषि अभ्यास तथा जलवायु स्मार्ट कृषि कार्यक्रम सञ्चालन गरी अनुदान प्रदान गर्ने,

• वैदेशिक रोजगारीलाई कम गर्न कृषि, पशुपालन र उद्योग व्यावसायहरुको स्थापना गरि व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गर्ने,

• गाउँ क्षेत्र भित्र पशुपंक्षि फर्म, मासुपालन, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गर्ने निति अवलम्बन गर्ने,

• प्रत्येक घरमा कम्तीमा "एक घर एक रोजगार" सिर्जना गर्न गाउँगाउँमा सहकारी घरघरमा रोजगारी सरकारको नारालाई कार्यान्वियन गर्न कार्यक्रम लागु गर्ने,

• भवन निर्माण आचारसंहिता निर्माण गरी कार्यान्वियनमा गर्ने,

• पूर्वाधार निर्माणका आयोजनाहरु सञ्चालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गर्ने र सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने,

• ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वियन गर्ने,

• गाउँपालिका भित्र रहेका वन क्षेत्रको संरक्षणका लागि सामुदायिक तथा कबुलीयत वन उपभोक्ता समितिलाई सक्रिय रुपमा परिचालित हुन अभिप्रेरित गर्ने,

• खडेरीको समयमा हुने आगलागि नियन्त्रणका लागि जनचेतना मुलक कार्यक्रम गर्ने,

• गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको चौमासिकमा सार्वजनिक सुनुवाई गर्ने,

• बेरुजु शुन्य तथा वित्तीय अनुशासित गाउँपालिका बनाउने नीति अवलम्बन गर्ने,

• गाउँपालिकाको एकीकृत राजश्व सुधार कार्ययोजना निर्माण गरि कार्यान्वयन गर्ने,

• कर दाताहरुको तथ्यांक संकलन गरि अभिलेख अध्यावधीक गर्ने,

गाउँसभामा प्रस्तुत नीति तथा कार्याक्रममा उल्लेखित ब्यहोराहरुको कार्यान्वयनको लागि आवश्यक पहल गर्नु पर्ने देखिन्छ ।

६.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गनुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै तयार भएको आगामी आर्थिक बर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगाएत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाको स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ । त्यस्तै स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिक, २०७४ को नियम ३.१ मा पूँजिगत शीर्षकको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षगत रुपमा एकमुष्ठ रु.७,७५,०५,८६३.९९ रकमान्तर गरेको छ । यसले गर्दा कुन शीर्षकबाट कुन शीर्षकमा रकमान्तर भएको हो यकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालना गरी रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६.४ **अबण्डा बजेट :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो बर्ष देहायका विभिन्न २९ शीर्षकमा बजेट अबण्डा राखी रु.३,४९,५३,०१२ खर्च गरेकोमा कार्यविधि निर्माण नगरेको, कार्यपालिकाको निर्णय नभएको, निर्णय भएको भनिएकोमा सो को निर्णय पेश भएको छैन् । कानुनी आधार वेगर खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| शीर्षक | सभाबाट विनियोजित बजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|
| समपुरक प्रदेश | १,३६,००,००० | ५४,२०,००० | कार्यपालिकाबाट बाँडफाँटको निर्णय नभएको । |
| समपुरक संघ | ८०,००,००० | ० | खर्च नभएको । |
| पुरानो कामको बाँकी पुर्वाधार | ५०,००,००० | ५०,००,००० | कार्यपालिकाबाट मिति २०८१-३-९ मा निर्णय भएको |
| WFP समपुरक | १,६०,००,००० | | कार्यपालिकाबाट मिति २०८०-५-१० मा निर्णय भएको LISP साझेदारीमा । |
| साझेदारी | १,००,००,००० | १२,३९,४८९ | कार्यपालिकाबाट बाँडफाँटको निर्णय नभएको । |
| प्रधानमन्त्री रोजगार साझेदारी | ६०,००,००० | ५०,४९,००० | कार्यपालिकाबाट मिति २०८०-८-१७ मा निर्णय भएको LISP मा तथा प्र.म.रोजगार कार्यक्रम |
| डि.पि.आर. | १४,००,००० | ० | खर्च नभएको । |
| सवै वडामा समान भाग गर्ने | १,२०,००,००० | ८७,००,७४० | कार्यपालिकाबाट बाँडफाँटको निर्णय पेश नभएको । |
| स्वास्थ्य शाखा | ३०००००० | १६,६२,५९१ | |
| शिक्षा शाखा | २०००००० | १,२५,००० | कार्यपालिकाबाट मिति २०८०-८-१९ मा निर्णय भएको । |
| कृषि शाखा | १५००००० | २,३९,७४० | कार्यपालिकाबाट बाँडफाँटको निर्णय पेश नभएको । |
| पशु शाखा | १५००००० | ९,३९,०५० | |
| महिला शाखा | १०००००० | ५९,१०० | |
| आयुर्वेदिक | ७००००० | ३,९२,६४८ | |
| कर्णाली कोपिला स्याहार सुसार केन्द्र | १५,००,००० | ९,९३,५७६ | |
| जनतासँग उपाध्यक्ष कार्यक्रम | १५,००,००० | ९,७०,००२ | |
| न्यायिक समिति | ७,००,००० | १,५५,८५० | |
| खेलकुद | १०,००,००० | २,४२,००० | |
| पञ्जिकरण | ५,००,००० | ० | |
| पूर्वाधार शाखालाई मोटरसाइकल | ४,५०,००० | ४,४३,१७७ | |
| दलित लक्षित कार्यक्रम | ४,५०,००० | २,७०,००० | |
| पालिका शौचालय | ५,००,००० | ४,७०,३२४ | |
| जनजाति उत्थान | २,४०,००० | २,४०,००० | |
| महिला स्वयंसेविका | ५,००,००० | ४,८६,००० | |
| महिला संजाल | ५,००,००० | ० | |
| विपद व्यवस्थापन | १४,००,००० | १३,५४,७२५ | |
| प्राविधिक विद्यालय | ५,००,००० | ५,००,००० | |
| अध्यक्ष युवा कार्यक्रम | ५,००,००० | ० | |

| | | | |
|---|---|---|---|
| पोषण कार्यक्रम | ५,००,००० | ० | |
| | जम्मा | ३,४९,५३,०१२ | |

६.५ **गत वर्षको भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। पालिकाले भुक्तानी दिन बाँकी रहेको बिबरण प्रमाणित नगरी १२ औँ गाउँ सभामा भुक्तानी दिन बाकीँको योजना वर्गीकरण गरे वेगर विभिन्न योजना एकमुष्ठ विनियोजन गरि कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट देहायको रु.१,२४,४१,७०७ भुक्तानी दिएको विवरण पेश गरेको छ । भुक्तानी दिन बाँकीको योजनाको वर्गीकरण स्पष्ट रुपमा नगरि बजेट विनियोजन गरेकाले सो सम्बन्धमा यकिन गर्न सकिएन् ।आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरेको कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेको देखिन्छ । तसर्थ ठूला तथा बहुवर्षीय योजना तर्जुमा गर्ने तथा कार्यक्रम समयमै सञ्चालन गरी आगामी वर्षको लागि दायित्व सिर्जना गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | बालाचौर खोला देखि वडा कार्यालय हुदै सञ्ज्यालवाडा सम्मको सडक निर्माण योजना ३ | ५,००,००० |
| २ | हेलिप्याड देखि छाती सडक मर्मत योजना १ | ८,००,००० |
| ३ | गविरा देखि कैलाश डाँडा सम्मको सडक निर्माण योजना | १५,००,००० |
| ४ | सेरी नैनेलडाँडा सडक मर्मत आयोजना ५ | ५,००,००० |
| ५ | ग्याविन जाली हालेको वडा ४ | ४,६४,९२० |
| ६ | कालिदेखि बुढाघाट हुदै राराकाटिया ग्रामिण सडक मर्मत | ९,००,००० |
| ७ | राष्ट्रपति रनिङग सिल्ड प्रतियोगिता सञ्चालन | १,१२,००० |
| ८ | राष्ट्रपति रनिङग सिल्ड प्रतियोगिता सञ्चालन | ७५,८००० |
| ९ | व्याउली - दहचौर हुदै चौकी वजार सडक निर्माण | २०,०९,४३० |
| १० | अधिकारीबाडा - सुकाटिया सम्म सडक निर्माण | २४,०१,७१४ |
| ११ | हाउडी - सुकाटिया सम्म सडक निर्माण | १५,०५,७२३ |
| १२ | चौलागाईवाडा उदागाउँ सडक निर्माण ४ | ३,२७,००० |
| १३ | वडा नं. ४ मा ग्याविन जाली प्रयोग भएको | ४,६४,९२० |
| १४ | सवारी साधन मर्मत जनता ग्यारेज, मान्म कालिकोट | ४,००,००० |
| १५ | जनता सँग कार्यक्रमबाट पाइप खरिद | २,९८,००० |
| | जम्मा | **१,२४,४१,७०७** |

६.६ **त्रैमासिक पूँजीगत खर्च** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १,७२,२०९ | ० | १,४२० | १४,७९८ | १५५९९१ | ७४०८७ |
| प्रतिशत | १००% | ०% | ०.८२ | ८.५९ | ९०.५८ | ४३.०२ |

उपलब्ध विवरणअनुसार वार्षिक रु.१,७२,२०९ हजार पूँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च नभएको ,दोस्रो त्रैमासिकमा रु.१,४२० हजार(०.८२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१४,७९८ हजार (८.५९ प्रतिशत) र चौथौ त्रैमासिकमा रु.१,५५,९९१ हजार (९०.५८ प्रतिशत ) गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७४,०८७ हजार (४३.०२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकमा रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६.७ **क्षेत्रगत बजेट र खर्च** – स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,०३,२७,००० | १,९२,५३,४७३ | ५.४० |
| २ | पूर्वाधार विकास | ९,८७,५०,००० | ७,७३,२६,३९२ | २१.६९ |
| ३ | सामाजिक विकास | १८,६३,७०,९७५ | १५,६९,०९,०९७ | ४४.०१ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३५,००,००० | २४,५३,६९० | ०.६८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११,११,३५,१८८ | १०,०५,५२,१०३ | २८.२२ |
| जम्मा | | ४३,००,८३,१६९ | ३५,६४,९४,७५५ | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५.४० प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४४.०१ प्रतिशत, पूर्वाधारतर्फ २१.६९ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ ०.६८ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ २८.२२ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ५.४० प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ । साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ ।

६.८ **वार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७,२२,०९,६५९ हजारको पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको र आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो ।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७ **खर्च बिश्लेषण**

पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु.१०,९३,१२२ राजस्व बाँडफाँड र अनुदानबाट रु.५१,८७,६४,२७९ समेत रु.५१,९८,५७,४०१ आम्दानी भएकोमा चालु तर्फ रु.३१,२२,९५,४०० र पूँजिगत तर्फ रु. १७,२२,०९,६५९ समेत रु.४८,४५,०५,०५९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५८३५००० खर्च भएको छ जुन यस बर्षको आन्तरिक आयको ५३३.७९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.४५ प्रतिशत चालु र ३५.५५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएकोले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

८ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् भएका कामका योजनाहरु देहायअनुसार छन्:

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु ५ लाखभन्दा कमको योजना | ११ | २५,५६,३८८ |
| २ | रु ५ लाख एक देखि २० लाख सम्मका योजना | १९ | १,३५,३८,२२४ |
| ३ | रु २० लाखदेखि माथिका योजना | ४७ | १०,५२,५६,९९० |
| | जम्मा | ७७ | १२,१३,५१,६०२ |

९ **अनुदान फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१८,५४२,२७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१० **कानून निमार्ण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म २७ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको उल्लेख गरेकोमा कानून निर्माणको सूचि उपलब्ध गराएको छैन् । साथै उक्त कानूनहरु राजपत्रमा प्रकाशित भएको नदेखिएकोले कानून तर्जुमा गरि राजपत्रमा प्रकाशन गर्नु पर्दछ ।

११ **कानूनी सल्लाहाकार**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । पालिकाले उक्त व्यवस्था विपरित कानूनी सल्लाहाकारको रुपमा अमलराज शाहीलाई बार्षिक रु.९९,०००। पारीश्रमिक खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,००० |

## १२ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिका केन्द्र र वडा कार्यालय समेतको यो वर्ष विविधतर्फ (कार्यालयको चिया/खाजा/खाना तथा अन्य) रु.६१,४१,५९२। खर्च गरेको छ । जुन यस बर्षको आन्तरिक आम्दानीको ५६१.८३ प्रतिशत हुन्छ । पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो सुविधा वितरण गर्दा थप आर्थिक व्ययभार पारेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

## १३ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । कार्यपालिकाको मिति २०८१-०३-०७ को निर्णयबाट आर्थिक सहायता मापदण्ड कार्यविधि,२०८१ जारी गरी यो बर्ष पालिका तथा वडा कार्यालयको अन्य सामाजिक सहायता (आर्थिक सहयोग) शीर्षकबाट रु.९,८५,०००,अन्य सामाजिक सुरक्षा शीर्षकबाट रु.६०,००० र विपद् व्यवस्थापन शीर्षकबाट रु.११,०४,७२५ समेत रु.२१,४९,७२५ आर्थिक सहायता तथा औषधि उपचारमा खर्च लेखेको छ ।आर्थिक सहायता वितरण गर्दा देहायको कैफियतमा उल्लेख भए बमोजिम कार्यविधि नभएको समयमा भुक्तानी दिएको, विपन्न छनौटको आधार नबनाएको, एकै प्रकृतिको सहायता प्रदान गर्दा स्पष्ट मापदण्ड निर्धारण नगरि पालिका अध्यक्षले विपन्न सिफारिस गरेको आधारमा ३० हजार देखि २ लाख सम्म प्रदान गरेको तथा कार्यपालिका निर्णयले बढीमा ३ लाख सम्म दिने व्यवस्था गरेको,औषधि उपचार सहायता प्रदान गर्दा डक्टरको प्रिस्क्रिप्सन,प्रयोगशाला परीक्षण रिपोर्ट संलग्न नगरेको,सम्बन्धित व्यक्तिलाई बैंक खाता मार्फत् भुक्तानी गर्नुपर्नेमा भरपाईमा हस्ताक्षर गरि बुझाएको,प्रहरी मुचुल्कामा क्षतीको विवरण स्पष्ट रुपमा नखुलाएको लगायत देखिएको छ । आर्थिक बर्षको अन्त्यमा कार्यविधि निर्माण गरि सहायता प्रदान गर्दा स्पष्ट आधार एवम् मापदण्डमा उल्लेख नगरि फरक दरमा आर्थिक सहायता भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | प्रयोजन | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १८६। २०८१-०१-२५ | नयन बहादुर शाही | औषधि उपचार | २५,००० | बिरामी भएको खुल्ने डक्टरको प्रिस्क्रिप्सन नभएको । |
| १९४। २०८१-०२-११ | जयरुपा शाही | आर्थिक विपद् सहायता | ३५,००० | कार्यविधि नभएको । |
| | प्रयाग बहादुर शाही | | ३०,००० | कार्यविधि नभएकोमा कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी भएको । |
| | मटकला शाही | | ३५,००० | ,, ,, ,, |
| १९९। २०८१-०२-१३ | कल्चु शाही | श्रीमान भारतमा बेपत्ता भएको | ५०,००० | ,, ,, ,, |
| | खड्ग बहादुर शाही | औषधि उपचार | २५,००० | ,, ,, ,, |
| २९४। २०८१-०३-२३ | कर्ण बहादुर थापा (वडा सचिव) | पञ्चेबाजा सहयोग | १०,००० | वडा सचिव मार्फत् आर्थिक सहायता शीर्षकबाट वितरण भएकोमा प्रयोजन नखुलेको । |
| | | महिला संजालको नयाँ बर्षको शुभकामना | १०,००० | |
| | | नारी दिवश | १०,००० | |
| ३१६। २०८१-०३-२४ | नन्द बहादुर शाही | स्याउ र ओखरको बगैचामा आगो लागेको | ४,००,००० | प्रहरी मुचुल्कामा क्षति रकम नखुलेको । जग्गा धनि प्रमाण पत्र संलग्न नभएकोले कसको बगैचामा आगो लागेको यकिन नगरेको । |
| ३३३। २०८१-०३-२४ | विरजित खत्री मार्फत् टिका आचार्य, गणेश खत्री समेत | आर्थिक सहयोग | ७०,००० | प्रहरी मुचुल्कामा क्षती भएको मिति २०७८-०३-११ रहेकोमा यस आ.व.मा भुक्तानी भएको । टिका आचार्य र गणेश खत्रीको नाममा रु.१०००० को दरले निकासा भएकोमा निजकै नाममा भुक्तानी गर्नुपर्नेमा विरजित खत्री नाममा चेक जारी भएकाले सम्बन्धितले बुझेको प्रमाण पेश नभएको । |
| | मन बहादुर शाही | | २०,००० | सहायताको स्पष्ट प्रयोजन नखुलेको । |
| ३५०। २०८१-०३-२४ | कमल बहादुर शाही | पेटको अपरेशन | ३०,००० | कार्यपालिकाको निर्णय नभएको । गा.पा.अध्यक्षको तोक आदेश बमोजिम भुक्तानी । |
| ३०५। २०८१-०३-२३ | बसन्ती कुमारी शाही | मृगौला दीर्घरोगी | १,५०,००० | गा.पा.अध्यक्षले विपन्न भनि सिफारिस गरेको । विपन्न छनौटको आधार नभएको । |
| | अमृत शाही | भाई बसन्त शाहीको बोलेरो दुर्घटना भएको । | ५०,००० | कार्यपालिकाको निर्णय बमोजिम दुर्घटनाको रकम भुक्तानी भएको । |
| | दिप बहादुर शाही | पेटको दिर्घरोगी | २००,००० | निजी प्रयोगशालामा परिक्षण गरेकोमा बिरामी भएको खुल्ने प्रयोगशाला रिपोर्ट नभएको । |
| | धनरुपा आचार्य | पेटको दिर्घरोगी | २,००,००० | आयुर्वेदिक क्लिनिकमा परीक्षण र औषधि खरिद गरेकोमा बिरामी भएको खुल्ने प्रयोगशाला रिपोर्ट नभएको । |
| | सिंह बहादुर शाही | मृगौला सम्बन्धि | १,५०,००० | प्रयोगशाला रिपोर्ट र डक्टरको प्रिस्क्रिप्सनमा मृगोला सम्बन्धि बिरामी भएको |

| | | | | |
|---|---|---|---|---|
| | | बिरामी | | नखुलेको । |
| ३२९। २०८१-०३-२४ | जैना बुढा | पेट सम्बन्धि समस्या | ५०,००० | डक्टरको प्रिस्क्रिप्सन र प्रयोगशाला रिपोर्टमा पेट सम्बन्धि रोग उल्लेख नभएको । |
| ३५४। २०८१-०३-२४ | दल सुनार | सडक खन्ने कार्यमा धानको बेर्ना क्षति भएको | ५०,००० | प्रहरी मुचुल्कामा सडक निर्माणको मिति नखुलेको । |
| ३५४। २०८१-०३-२४ | पर्वे सुनार | सडक खन्ने कार्यमा धानको बेर्ना र खेतबालीमा क्षती भएको | २५,००० | प्रहरी मुचुल्कामा सडक निर्माणको मिति र फोटोमा क्षति भएको नदेखिएको । |
| १०३। २०८०-११-१६ | बलराम चौलागाई | सडक विस्तार गर्ने क्रममा खेत र घर भत्किएको | ६०,००० | क्षति भएको खुल्ने प्रहरी मुचुल्का नभएको । |
| ३५५। २०८१-०३-२४ | तिल बहादुर शाही मार्फत् सुर बहादुर सेजुवाल र दिल बहादुर सेजुवाल समेतको नाममा भुक्तानी | औषधि उपचार घर पहिरोले भत्किएको आगलागि भएको । | १,००,००० | तिल बहादुर शाही मार्फत् रकम बुझाएको प्रमाण पेश नभएको । |
| | | जम्मा | १७,८५,००० | |

| | |
|---|---|
| अनियमित भएको | १७,८५,००० |

## १४ कर दस्तुर एवं आन्तरिक आय

१४.१ **सेवा प्रवाह र आम्दानीः** पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन ।यसमा सुधार हुनुपर्दछ ।

१४.२ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष रु.२०,००,००० लाख आय प्रक्षेपण गरेकोमा रु.१०,९३,१२२ अनुमानको ५४.६५ प्रतिशत असुली गरेको विवरण पेश गरेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१४.३ **नगदी रसिद छपाइ** -पालिकाको PAMS प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०।८१ मा ६० थान नयाँ नगदी रसिद छपाइ गरेको तथा पुरानो २० थान नगदी रसिद निकासा गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा रसिद नियन्त्रण खाता र प्रयोग नभएका नगदी रसिद पेश नगरेको राजश्व असूली तथा दाखिलाको यथार्थता यकिन गर्न सकिएन्।राजश्व संकलन तथा दाखिला पारदर्शी रूपमा यकिन गरी राजश्व संकलन गरेको रकम दाखिला गराउनुपर्दछ।

१४.४ **राजश्वको दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **६०,६०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१४.५ **आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । आर्थिक बर्ष २०८०/८१ मा केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघीय तथा प्रदेश अनुदानबाट खर्च | आन्तरिक आय | आय प्रतिशत |
|---|---|---|
| ४६,८९,७१,८२८.०५ | १०,९३,१२२ | ०.२३ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यानदिनुपर्ने देखिन्छ ।

१४.६ **करको दायरा विस्तार** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ मा स्थानीय तहले सवारी तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ। यस वर्ष पालिकाले सवारी कर मनोरञ्जन कर व्यवसाय कर संकलन गरेको छैन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनुपर्ने तथा पालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ।

१५ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागि फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का अभिलेख खाता (म.ले.प.फा.नं.५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वियन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

१६ **संगठन तथा कर्मचारी ब्यवस्थापन**

१६.१ **दरबन्दी तथा पदपूर्ती** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४१ दरवन्दी स्वीकृत रहेकोमा प्रशासकिय अधिकृत छठौँ, कम्यूटर अपरेटर, इन्जिनियर सहित २३ जना पदपूर्ति भई प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत, लेखा सहायक,आन्तरिक लेखापरीक्षक लगायत १८ पद रिक्त भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्ति पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पलिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्तपदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभाकारी बनाउनु पर्दछ ।

१६.२ **तलवी प्रतिवेदन :** निजामती सेवा ऐन २०४९ को दफा ७ ख को उपदफा २, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ स्थायी कर्मचारीको रु.१,३६,९९,९९९.५० र पालिका तर्फ स्थायी कर्मचारीको रु.१,६९,१५,३१८.५६ समेत रु.३,०६,१५,३१८.०६ तलब खर्च लेखेको छ । दरबन्दी बमोजिम जनशक्ति पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पलिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।प्रदेश लोक सेवा आयोग मार्फत् यथाशीघ्र पदपूर्ति गर्नुपर्दछ ।

१६.३ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले सहायक कम्प्यूटर अपरेटर, अ.न.मी., ल्याब असिस्टेन्ट, अ.हे.व., ना.प्रा.स.(पशु र कृषि), विद्युत हेराला, बालकल्याण अधिकारी, चौकिदार, सवारी चालक, वैद्य ,प्रशासन सहायक,कार्यालय सहयोगी, स्वीपर, सवारी चालक,भान्से, लगायत पदमा ८० जना कर्मचारी पालिका तथा वडा कार्यालयले करार नियुक्ति गरी बर्ष भरि रु.१,६५,९७,४७२ खर्च लेखेको विवरण पेश गरेको छ ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ०५, मिति २०७९-०४-०१ को नमुना सँगठन संरचना र दरबन्दिको परिपत्रको आधारमा आधारभुत अस्पताल र आधारभुत स्वास्थ्य सेवा केन्द्रको अस्थायी दरबन्दीमा स्वास्थ्यकर्मी करारमा कर्मचारी नियुक्त गरेको विवरण पेश गरेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बँगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। माथि उल्लिखित पद वाहेक पालिकाबाट पेश भएको विवरण अनुसार दरबन्दी नरहेको कम्यूटर अपरेटर,अ.न.मि.,बालकल्याण अधिकारी,वैद्य, ना.प्रा.स.(पशु र कृषि), लगायतका पदमा १४ जना करारमा नियुक्ति गरी वर्षभरीमा रु.३९,६३,५९६ तलब भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३९,६३,५९६ |

## १७ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। उपलव्ध विवरणअनुसार पालिका भित्र ३५ वटा सहकारी संस्था रहेकोमा ती संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरि उक्त प्रणाली प्रयोग गरेको पाईएन । पालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुबाट एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण अद्यावधिक गरी प्रणालीको प्रयोग हुनुपर्दछ ।

## १८ इन्धन खर्चको मापदण्ड

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ बुदां नं.१३ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने , अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ ।पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ सरकारी काममा सवारी साधन प्रयोग गरिएकोमा इन्धन खर्चको रकम भुक्तानी गर्दा बिलका साथ खरिद आदेश र सवारी साधन प्रयोग गरिएको लगबुक म.ले.प.फा.नं.९०५ र PAMS मा समेत अभिलेख नराखी चारपाङ्ग्रे सवारी २, मोटरसाइकल १२ समेतको इन्धन कार्यालय प्रयोजन तथा पदाधिकारी इन्धन सुविधाको लागि रु.२२,१६,९२१ खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

१९ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा मर्मत आवेदन फारम म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ PAMS बाट तयार नगरी चारपाङ्ग्रे सवारी २, मोटरसाइकल १२ समेतको मर्मतमा रु.२८,८९,३१३ खर्च लेखेको छ । मर्मत आवेदन फारम र मर्मत अभिलेख खाता तयार गरेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२० **न्यूनतम दररेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

२१ **विपद व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को १७(१) मा स्थानीय विपद् समितिको गठन दफा १७(२) मा समितिको काम, कर्तव्य र अधिकार तथा दफा ४५ मा समितिको वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा व्यवस्था छ । समिति गठनको विवरण माग गरेकोमा उपलब्ध नगराएकोले समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाको पालना तथा वार्षिक प्रतिवेदन तयार गरे नगरेको यकिन गर्न नसकिएकोले कानूनी व्यवस्थाको पालना गर्नु पर्दछ ।

२२ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न ८ वडाका लाभग्राहीको खातामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न १ बैंक मार्फत् रु.७,६२,७१,८४६ निकासा गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२२.१ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ को दफा २७(३) अनुसार कार्यपालिका अध्यक्ष वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

२२.२ **नागरिकता नं दोहोरो ( दोहवरुो भुक्तानी भएको सामाजिक सुरक्षा भत्ता)**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **९,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **७,९८०**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२२.४ **लगत कट्टा नभई बढी भुक्तानी भएको सामाजिक सुरक्षा भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **६,१३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **४,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **८,५५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२,९०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२३,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२२.५ **बालबालिकालाई दोहोरो भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **१,५९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **८६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२२.६ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा गाउँ कार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

## २३ **शिक्षातर्फ**

२३.१ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत २६ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार शिक्षकको दरबन्दी संख्या १२५ रहेकोमा दरबन्दि अनुसार पदपूर्ती भएको छ ।उक्त विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कुल संख्या ५०४८ रहेकोमा शिक्षक विद्यार्थी अनुपात १:११ देखि १:७७ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ ।

२३.२ **गाउँपालिका अनुदान शिक्षक** – अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्रका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर स्वीकृत दरबन्दी बाहिर पालिकाले २० वटा विद्यालयहरुमा ३९ जना गाउँपालिका अनुदान शिक्षक र १८ विद्यालयमा १८ जना बाल विकास शिक्षक नियुक्ती गरि रु.१,०५,९६,२६६। संघीय सरकारको समानीकरण स्रोतबाट बार्षिक तलब भत्ता खर्च लेखेको उपयुक्त देखिएको छैन । दरबन्दी मिलान वेगर दीर्घकालीन दायित्व सिर्जना हुने गरी शिक्षक नियुक्ती गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरबन्दी मिलानका थप प्रक्रियातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

२३.३ **विद्यालयको अनुगमन नियमन व्यवस्था** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित

पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

२३.४ **दिवा खाजा**- कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं. २.७.११.१ (ङ) मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २०।– का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने व्यवस्था उल्लेख छ। दिवा खाजाका लागि १९ वटा विद्यालयलाई रु.२०४९९६० निकासा दिइएको रकम वितरणको भरपाई, विद्यार्थीको प्रमाणित हाजिर लेखापरीक्षणको क्रममा पेश नभएकाले सम्बन्धितले रकम प्राप्त गरेको र खाजा खाएको सम्बन्धमा यकिन गर्न सकिएन् । बुकि मालिका आधारभुत विद्यालयलाई IEMIS तथ्याङ्क अनुसार रु.२५५६०० निकास दिनुपर्नेमा रु.२५९५०० निकासा गरेकोले बढी निकासा रु.३९०० असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९०० |

२३.५ **IEMIS दर्ता** -कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने, आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २०।– का दरले बजेट निकासा गर्ने व्यवस्था उल्लेख छ। गो भौ नं १६६।२०८१-३-२० बाट पालिकाले देहायका विद्यालयहरूलाई IEMIS प्रणालीमा दर्ता नगरी दिवाखाजा बापत निकासा गरेको रु.१,०८,००० नियमसम्मत नदेखिएको रु.

| सि नं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | मष्टादेव वाविके मौभेरा, वडा नं ४ | ४२००० |
| २ | कनेडा वाविके | ३०००० |
| ३ | गोठिमुल वाविके भर्ता | ३६००० |
| | जम्मा | १०८००० |

| | |
|---|---|
| अनियमित भएको | १,०८,००० |

२३.६ **द्वन्द्व पिडित शिक्षक विस्थापित तलव :** सर्वोच्च अदालतको मिति २०७८।५।१५ को नमराज शाहीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिँहदरबार समेत भएको उत्प्रेषण परमादेश मुद्दा (०७१–WO—०१४८)मा निजहरुले पाउने सवै पारिश्रमिक र दशैभत्ता (स्थानीय भत्ताको सुविधा वाहेक) संचयकोष कट्टी, लगायतको सुविधा प्रदान गर्ने र निजहरुको विस्थापित समयलाई निवृत्तिभरणको अवधीको लागि गणना समेत गर्नु गराउनु भनी परमादेशको आदेश समेत जारी हुने ठहर्छ।" भन्नेसमेत व्यहोराको फैसला भएकोमा पालिकाले देहायका शिक्षकहरूको तलब विद्यालयको खातामा निकासा गरेकोमा फैसला बमोजिम दिन नमिल्ने स्थानीय भत्ता असूल हुनुपर्ने रु

| भौ नं र मिति | शिक्षकको नाम | विद्यालयको नाम | जम्मा भुक्तानी | स्थानीय भत्ता |
|---|---|---|---|---|
| १११।२०८१।१।१२ | सर्पराज सिँह | अजामारे आ वि | ५९०२६१५। | ५४१३०। |
| १३१।२०८१।२।१३ | जगदीश्वरी शाही | कुलदेव आ वि | ६५१८३५९। | ५७६६५। |
| | | | | १११७९५। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,११,७९५ |

२३.७ **छात्रवृत्ति-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१ को उपशीर्षक नं ४.२ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था रहेको छ। छात्रवृत्तिका लागि १५ वटा विद्यालयलाई रु.११,०४,८०० निकासा दिएकोमा सो को भरपाई लेखापरीक्षणको क्रममा पेश नभएकाले सम्बन्धितले छात्रवृत्ति प्राप्त गरेको सम्बन्धमा यकिन गर्न सकिएन् ।साथै गो भौ नं ८२।२०८०-१२-२८ र ८३।२०८०-१२-२८ बाट देहायका विद्यालयहरुमा IEMIS तथ्याङ्क भन्दा बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रू

| वडा | विद्यालयको नाम | IEMIS तथ्याङ्क अनुसार हुनुपर्ने जम्मा निकासा | १ देखि८ दलित सम्म जम्मा निकासा | दलितछात्र बाहेक निकासा | जम्मानिकासा | बढीनिकासा |
|---|---|---|---|---|---|---|
| ५ | Bal Pra V | ७००० | २४०० | ७००० | ९४०० | २४०० |
| ३ | Jana Jyoti Secondary School | १५५२०० | १२००० | १५५००० | १६७००० | ११८०० |
| | | | | | जम्मा | १४२०० |

| असुल गर्नुपर्ने | १४,२०० |
|---|---|

२३.८ **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११४५ जना रहेका छन।कार्यविधि अनुसार प्रति छात्रा १६ पिस (२ प्याकेट) १० महिनाको लागि खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.नं.२०९।२०८१-०३-२४ बाट २१३०० प्याकेट प्रति प्याकेट रु.२७.४२५ का दरले खरिद गरि रु.५,८४,१५४ खर्च गरेको छ । उक्त स्यानिटरी प्याडको सहि सदुपयोग हुनुपर्दछ ।

२३.९ **सिकाइ तथा डिजिटल सामाग्री-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान सम्बन्धी व्यवस्था उल्लेख छ। विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लिखित विद्यार्थी सङ्ख्याका आधारमा स्थानीय तहले बजेट बाँडफाँट गरी विद्यालय (विशेष र एकीकृत विद्यालयसमेत) लाई अनुदान दिने व्यवस्था छ। जन जागृती प्रा.वि. लाई IEMIS प्रणालीमा प्रविष्ट विद्यार्थी संख्या अनुसार रु.१८१०० निकासा गर्नुपर्नेमा रु.१९८५० निकासा दिएकाले बढी निकासा रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,७५० |
|---|---|

२३.१० **नि:शुल्क पाठ्यपुस्तक-** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिकभित्र अनुदान दिने, अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ। पाठ्यपुस्तक खरिदका लागि १६ वटा विद्यालयलाई रु.१३,१७,०१५ निकासा दिएकोमा सो को भरपाई लेखापरीक्षणको क्रममा पेश नभएकाले सम्बन्धितले पुस्तक प्राप्त गरेको सम्बन्धमा यकिन गर्न सकिएन् । साथै देहायका विद्यालयहरूलाई गो भौ नं ११६।२०८१-१-१२ र १६४।२०८१-०३-२० बाट IEMIS तथ्याङ्क भन्दा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रू

| वडा | विद्यालयको नाम | IEMIS अनुसार हुनुपर्ने जम्मा निकासा | ७५ प्रतिशत निकासा | २५ प्रतिशत निकासा | जम्मा निकासा | बढी निकासा |
|---|---|---|---|---|---|---|
| ५ | Bal Pra V | १०४१ | ७६७८ | | ७६७८ | ६६३६ |
| ३ | Buki Malika Adharbhut Vidyalaya | ६३७०३ | ७३७६४ | | ७३७६४ | १००६० |
| ३ | Jana Jagriti Pra V | १३७१७ | ३२१०५ | | ३२१०५ | १८३८७ |
| ३ | Jana Jyoti Secondary School | ३७४५२७ | १६२५२८ | २१९३३५ | ३८१८६३ | ७३३५ |
| ३ | Jana Utthan Lower Secondary School | ५९२२७ | ७४२३० | | ७४२३० | १५००२ |
| ३ | Mahadev basic school(१-८) | ७२२७३ | ८३४५७ | | ८३४५७ | १११८३ |
| ४ | Mahadev Secondary School Rarakatiya | २८७१३० | १२३३७९ | १७२८१५ | २९६१९४ | ९०६३ |
| ५ | Saraswati Basic School | १६८२ | ९२७७ | | ९२७७ | ७५९४ |
| | | | | | जम्मा | ८५२६० |

| असुल गर्नुपर्ने | ८५,२६० |
|---|---|

२४ **गरिबसँग विश्वेसर कार्यक्रम**

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयक को च नं ५०।२०८०।४।२१ को परिपत्रको ३ घ मा स्थानीयतहलाई बजेट खर्च गर्ने सम्बन्धी निर्देशन र शर्तनामाको विषय उल्लेख गरेको छ । जस अनुरुप प्राप्त सशर्त पूँजीगत अनुदानको रकम बाँडफाँट गर्दा सम्बन्धित वडाको सिफारिसमा लक्षित परिवार बाट गठन भएको समूहको माग बमोजिम ग्रामिण पूर्वाधार विकासको कार्यक्रम सञ्चालन गरी गरिब घरपरिवारलाई लाभ पुग्ने गरी स्थानीयतहहरुले साझेदारी मार्फत् कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। गो भौ नं १२ बाट बजेनी देखि रानीखोला गोरेटो बाटो निर्माण उपभोक्ता समितिलाई रु.९६,००० भुक्तानी गरेको छ । उल्लेखित शर्तको पालना तथा लक्षित क्षेत्रमा कार्यक्रम सञ्चालन नगरी लाभग्राही छनौट वेगर गोरेटो बाटो निर्माण गरेको नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | ९६,००० |
|---|---|

२५ **शहिद भत्ता**

गो. भौचर नं १ र २।२०८१।३।२४ शहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० को दफा २ (ञ) मा नजिकको हकवालालाई मात्र दफा ७ बमोजिमको रकम उपलब्ध गराउनुपर्ने र “हकवाला” भन्नाले शहिद तथा बेपत्ता पारिएका व्यक्तिका पति वा पत्नी, निज नभए निजका छोरा, अविवाहित छोरी र निज पनि नभए निजका आमा वा बाबु सम्झनुपर्दछ भनि उल्लेख भएकोमा कार्यविधिको व्यवस्था भन्दा फरक व्यक्तिलाई दिएको भत्ता असूल हुनुपर्ने रू

| सि नं | मृतकको नाम | भत्ता बुझिलिनेसँगको नाता | बुझिलिनेको नाम | रकम |
|---|---|---|---|---|
| १ | मिन प्रसाद अधिकारी | बहिनी | कौसी अधिकारी | २४००० |
| २ | कटक बहादुर शाही | दाजु | दुर्ग बहादुर शाही | २४००० |
| ३ | प्रेम बहादुर शाही | दाजु | लक्ष्मण शाही | २४००० |
| ४ | अजे सुनार | दाजु | रंगे सुनार | २४००० |
| ५ | बहादुरे कामी | ठुलो बाबुको छोरा | राजेन्द्र वि क | २४००० |
| ६ | रवि बोहोरा | दाजु | लछी बोहरा | २४००० |
| ७ | टक्क बहादुर शाही | दाजु | ध्वज बहादुर शाही | २४००० |
| | | | जम्मा | १६८०००। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६८,००० |

## २६ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यो बर्ष विद्युतिय बोलपत्र मार्फत् संघीय सरकार हस्तान्तरित कार्यक्रम चालुको गो.भौ.नं.७४-२०८०-११-२६ बाट रु.११,४६,५६९, र दरभाउँपत्र माग गरि गो.भौ.नं. १८२।२०८१-०३-२२ बाट रु.१,०६,४३१ तथा गाउँपालिका चालु गो.भौ.नं.२६०।२०८१-०३-२२ बाट रु.३,९९,६६९ समेत रु.१६,५२,६६९ को औषधि खरिद गरेको छ ।औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको,औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## २७ न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेसिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत ३ वटा बर्थिङ सेन्टरमा गत वर्ष १३० थान मौज्दात रहेको न्यानो झोला र यस वर्ष खरिद भएको ३०० थान प्रति थान रु.९९४.४० का दरले खरिद गरि रु.२९८९२० खर्च गरेकोमा यस वर्ष १९१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा २०० थान मौज्दात रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## २८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत् नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस कार्यक्रम अन्तर्गत पालिकाका ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष २५० जनालाई औसत ४१ दिन रोजगारी उपलव्ध गराई रु.९३,८०,८५६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम

अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२९ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा १० वटा योजनामा रु १५ लाखको दरले सञ्चालनमा रु.१,५०,००,००० वजेट विनियोजन भएकोमा रु.१,१२,३८,६०३ खर्च हुनुको साथै २५९ जनाले औषतमा ५७ दिन रोजगारी प्राप्त गरेका छन । मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३० **पूँजीगत खर्चतर्फ**

३०.१ **सवारीसाधन खरिद** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ।अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ।पालिकाले यस वर्ष १ थान डवल क्याप वोलेरो खरिदमा रु.३१,७४,०००। खर्च गरेको छ। निर्देशिकाको पालन हुनुपर्दछ।

३०.२ **बिजक भन्दा बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा रकम खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । देहायका उपभोक्ता समितिले गरेको कार्यमा निर्माण व्यवसायीको विल पेश गरि दावि गरेको भुक्तानीमा बढी मू.अ०कर भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| भौ॰नं॰ र मिति | विवरण | विल रकम | भुक्तानी दिनुपर्ने मुअ कर | दिएको मु॰अ कर | बढी मु॰अ कर | कैफियत |
|---|---|---|---|---|---|---|
| ५१। २०८१।३। २३ | अधिकारीवाडा देखि सुकटियासम्म सडक निर्माण (पुरानो काम वाकी ) | १४३०९८६। | १८६०२८। | २१३८२५। | २७७९७। | नविन निर्माण सेवा |
| ५३। २०८१।३। २३ | व्याउली दहचौर देखि चौकि वजार किमिडी खान सडक निर्माण(पुरानो काम वाकी ) | १९६४३४७। | २५५३६५। | २९३५२३। | ३८१५८। | श्री चंखेली कन्स्ट्रक्सन एण्ड इन्जिनियरीङ |
| ५९। २०८१।३। २४ | गविरा देखि कैलाशसम्म सडक निर्माण (पुरानो काम वाकी ) | ८०४३७५। | १०४५६८। | १२०१९४। | १५६२६। | श्री चंखेली कन्स्ट्रक्सन एण्ड इन्जिनियरीङ |
| ६४। २०८१।३। २४ | कालिवुढाघाट देखि राराकाटी सडक मर्मत(गत वर्षको भुक्तानी वाकी ) | ७८७२५४। | १०२३४३। | ११७६३५। | १५२९२। | सर्मिला निर्माण सेवा |
| ६९। २०८१।३। २४ | पसलखोला देखि उदागाउ हुदै पालिका सुकटिया | ३१३४८१। | ४०७५२। | ४६८४२। | ६०९०। | भवानी कालिका कन्स्ट्रक्सन प्रा लि |
| | | | | जम्मा | १०२९६३। | |

| असुल गर्नुपर्ने | १,०२,९६३ |
|---|---|

३०.३ **डि.पि.आर. खर्च** : बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर. लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| भौचर नं र मिति | कार्य विवरण | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| ६।२०८१।३।२४ प्रदेश | छाति छैलाहान्ना सडक (कार्यसम्पन्न भएको) | ए एस आर डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा लि | ४९७७६५ | ३४६३६६९० |
| ७।२०८१।३।२४ प्रदेश | पञ्चकालिका मा वि भवन (कार्यसम्पन्न भएको) | ग्रिन कर्णाली मल्टिपर्पोज कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा लि | ४९७७६५ | १४०००००० |
| ३३।२०८१।३।६ | वडा नं ७ को वडा कार्यालय भवन | जेनोलिथ इन्जिनियरीङ कन्सल्टेन्सी | ९९४४० | कार्यान्वयन नभएको |
| | | जम्मा | १०९४९७० | |

यस्तो अध्ययनकार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पि.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु मध्ये १ आयोजना कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । डि.पि.आर.गरेको योजना कार्यान्वयन हुनुपर्दछ ।

३०.४ **मोटरसाइकल खरिद :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ।अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ।पालिकाले यस वर्ष देहायका फर्महरुबाट खरिद गरेको ५ वटा मोटरसाइकल लेखापरीक्षण अवधिसम्म पनि नामसारी भइ नआएकोले खर्च नियमसम्मत नदेखिएको रु

| भौचर नं | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ९।२०८०।११।११ | गोविन्द ट्रेड सप्लायर्स | मोटरसाइकल १ थान | ४१७५०० |
| ९।२०८०।११।११ | असिम अटोपार्टस | मोटरसाइकल ३ थान | ८९६७०० |
| ३३।२०८१।२।१४ (विविध) | असिम अटोपार्टस | मोटरसाइकल १ थान | ३०५६३० |
| | | जम्मा | १६१९८३० |

| अनियमित भएको | १६,१९,८३० |
|---|---|

३०.५ **सोलार खरिद:** भौचर नं १८।२०८१।३।२३ कार्यालयले ६५ वटा घरधुरीका लागि सोलार प्यानल र व्याट्री खरिदको लागि कोटेसन माग गरेकोमा घटी कवोल गर्ने व्राइट भिजन इनर्जी प्रा लि को कवोल अंक स्वीकृत भएकोमा सो फर्मले हिमचुली कृषि सहकारी संस्थासँग सम्झौता गरेर व्राइट भिजनको विल संलग्न गरी हिमचुली कृषि सहकारी संस्थालाई रु ९४९१३३।भुक्तानी गरेको पाइयो। आर्थिक वर्षको अन्त्यमा खरिद भएका ती सोलार वितरण नभइ मौज्दात रहेको र तेश्रो पार्टी भुक्तानीको पुष्टयाइ प्रमाण पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ९,४९,१३३ |
|---|---|

३०.६ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।कार्यालयले छाती छेलाहान्ना राराकटिया सुकाटिया हाउडी मुग्राहा कमेडीखान सडक निर्माण(खण्ड २ छाती देखि छेलाहान्ना)का निर्माण व्यवसायी डाइमण्ड निर्माण सेवालाई ठेक्का सम्वन्धी पहिलो रनिङ बिलमा उल्लेख भएको वास्तविक कार्य परिमाणको आधारमा रु ३०१५२६१।मात्र भुक्तानी दिनुपर्नेमा रु ३४,४१,२६१। भुक्तानी (पालिका पूजिगत २३ र प्रदेश पूजिगत ४ भौचरबाट) दिएकोले बढी भुक्तानी रू.४२,६०००।असूल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | ४,२६,००० |
|---|---|

३०.७ **विल भन्दा वढी भुक्तानी** - भौचर नं ५९।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रीत पुगे, नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापी किताबमा प्रमाणित भएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। गविरा देखि कैलाससम्म सडक निर्माण कार्यमा पालिकाले रु ७,००८,८९५।भुक्तानी दिने गरी रु ८१,१५,४८२।को लागत अनुमान तयार गरेकोमा दोश्रो रनिङ विलको वास्तविक कार्य मूल्याङ्कन रु १५,९४,१२५ भएकोमा रु १३,७६,७५७।भुक्तानी दिनुपर्नेमा रु १४,९९,१६०। दिएकोले वढि भुक्तानी रु १,२२,४३०। असूल हुनुपर्ने रु

| असुल गर्नुपर्ने | १,२२,४०३ |
|---|---|

३०.८ **खर्च पुष्टयाइ (विविध):** भौचर नं ६९।२०८१।३।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। संलग्न विल भरपाईमा स्वच्छ खानेपानी तथा शुरक्षित शौचालयको लागि प्रति शौचालय रु ५४८३४।का दरले ४३ वटाको कार्य प्रगती भएको विवरणबाट रु २३५७८६२।खर्च लेख्नुपर्नेमा रु २४१२३०१।खर्च लेखेकोले वढी खर्च रु ५४४३९।को पुष्टयाइ प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | ५४,४३९ |
|---|---|

३०.९ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख भएकोमा यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारको कार्य प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु. २७७७८९०। खर्च गरेको छ । ऐन नियममा भएको व्यवस्था बिपरित सोझै खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रु

| **गो.भौ.नं.।मिति** | **फर्मको नाम** | **खरिदको प्रकार** | **रकम** |
|---|---|---|---|
| ३९।२०८१।३।४ ( विविध ) | थापा ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | महादेव मा वि राराकटिया खानेपानीका लागि निर्माण सामाग्री खरिद | ९६३९२५ |
| ४०।२०८१।३।४( विविध ) | अनिल जनरल एण्ड अर्डर सप्लायर्स | अधिकारीवाडा फटगाउ हुदै धम्फाला हाडेचाखाको लागि निर्माण सामाग्री खरिद | ८२६५७१ |
| ४१।२०८१।३।४ ( विविध ) | रारा हार्डवयर प्रा लि | चल्ने ओडार देखि वडा कार्यालयको लागि निर्माण सामाग्री खरिद | ९८७३९४ |
| | | जम्मा | २७७७८९० |

| अनियमित भएको | २७,७७,८९० |
|---|---|

३१ **भुक्तानीमा कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। देहायका निर्माण कार्यमा उपभोक्ता समिति र निर्माण व्यवसायीले पेश गरेको विल भुक्तानीमा अग्रिम कर घटी कट्टि गरेकोले नपुग रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| गोश्वारा भौचर | भुक्तानी पाउनेको नाम | विवरण | रकम | कर कट्टी गर्नुपर्ने | गरेको | नपुग |
|---|---|---|---|---|---|---|
| २३। २०८१।१। ४ | डाइमण्ड निर्माण सेवा | छाती छेलाहान्ना राराकटिया सुकटिया सडक( दोश्रो खण्ड) | २६६८३७२ | ४००२५। | ३६०४३। | ३९८२ |
| ५१। २०८१।३। २३ | अधिकारीवाडा देखि सुकटियासम्म सडक निर्माण उपभोक्ता समिति | नविन निर्माण सेवा | १४३०९८६ | २१४६४। | १६४४८। | ५०१६ |
| ५२। २०८१।३। २३ | भटगाउ देखि सुकटियासम्म सडक निर्माण उपभोक्ता समिति | सत्यवती निर्माण सेवा | १२६१३१३ | १८९१९। | १३३४६। | ५५७३ |
| ५३। २०८१।३। २३ | व्याउली दहचौर देखि चौकी वजार किमिडीखान सडक निर्माण उपभोक्ता समिति | श्री चंखेली कन्स्ट्रक्सन एण्ड इन्जिनियरीङ | १९६४३४७ | २९४६५। | १९७०५। | ९७६० |
| ६९। २०८१।३। २४ | पसलखोला देखि उदागाउ हुदै पालिका सुकटिया उपभोक्ता समिति | भवानी कालिका कन्स्ट्रक्सन | ३१३४८१ | ४७०२ | ० | ४७०२ |
| | | | | | जम्मा | २९०३३। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,०३३ |

३२ **भवन निर्माण कोष**

पालिकाले भवन निर्माण कोष खडा गरि मिति २०७९।११।४ मा ५ सदस्यीय उपभोक्ता समिति गठन गरि सो समितिसँग २०८२।२।१५ सम्ममा कार्य सम्पन्न गर्ने गरि २०८१।२।८ मा सम्झौता गरेको पाइयो। उपभोक्ता समिति मार्फत् बहुवर्षिय सम्झौता गरि भवन निर्माण गर्ने कुनै कानूनी आधार नरहेकोले सो भवन सार्वजनिक खरिद कानून अनुसार मात्र निर्माण गर्नु पर्नेमा समितिसँग बहुवर्षिय सम्झौता गरि खडा गर्न नमिल्ने कोष (भवन निर्माण कोष) खडा गरि खर्च गरेको रु. १६,०७,४५०। नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १६,०७,४५० |

३३ **घटि अवधिको कार्यसम्पादन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सार्वजनिक निर्माण कार्यको ठेक्का पट्टामा राखिएको कार्य सम्पादन जमानतको अवधि त्रुटि सच्याउने अवधि भन्दा १ महिना वढीको हुनुपर्ने व्यवस्था छ । ठेक्का नं ४ र २ का निर्माण व्यवसायीले राखेको कार्यसम्पादन जमानतको अवधि समाप्त र घटि भएकोले उचित र पर्याप्त कारण भए म्याद थप गर्नुपर्ने अन्यथा कार्यसम्पादन जमानतको रकम जफत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचारसम्बन्धी व्यवस्था अपनाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने रु

| ठेक्का नं र निर्माण व्यवसायी | कार्य | सम्पन्न गर्नु पर्ने मिति | कार्यसम्पादन जमानतको अवधि | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४।२०८०।८१ डाइमण्ड निर्माण सेवा | छाती छेलाहान्ना राराकटिया सुकटिया सडक( दोश्रो खण्ड) | २०८१।३। १० | २०८१।३।१७ | २३०६७५८। | कार्यसम्पन्न र म्याद थप समेत नभएको |
| २।२०८०।८१ कृष्ण निर्माण सेवा | छाती छेलाहान्ना राराकटिया सुकटिया सडक( प्रथम खण्ड) | २०८१।२। १५ | २०८१।१०।२० | ३०८०५००। | कार्यसम्पन्न र म्याद थप समेत नभएको |
| ३।२०८०।८१ रितुराज निर्माण सेवा | पञ्चकालिका मा वि भवन | २०८१।३। १० | २०८१।११।७ | | कार्यसम्पन्न भएको |
| | | | जम्मा | ५३८७२५८। | |

| प्रमाण पेश नगरेको | ५३,८७,२५८ |
|---|---|

३४ **समाप्त भएको पेश्की जमानत**

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।देहायका निर्माण व्यवसायीलाई निम्न अवधिको अग्रिम वैक पेश्की जमानत लिइ पेश्की दिएकोमा म्याद समाप्त भएकोले म्याद थप हुनुपर्ने अन्यथा नियमानुसार असुल फस्यौंट हुनुपर्ने रु

| ठेक्का नं र निर्माण व्यवसायी | कार्य | सम्पन्न गर्नु पर्ने मिति | पेश्की जमानतको मान्य अवधि | पेश्की वाकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४।२०८०।८१ डाइमण्ड निर्माण सेवा | छाती छेलाहान्ना राराकटिया सुकटिया सडक( दोश्रो खण्ड) | २०८१।३। १० | २०८१।३।१७ | ७२६०००। | कार्यसम्पन्न र म्याद थप समेत नभएको |
| २।२०८०।८१ कृष्ण निर्माण सेवा | छाती छेलाहान्ना राराकटिया सुकटिया सडक( प्रथम खण्ड) | २०८१।२। १५ | २०८१।२।२ | ८२००००। | कार्यसम्पन्न र म्याद थप समेत नभएको |
| | | | जम्मा | १५४६०००। | |

| प्रमाण पेश नगरेको | १५,४६,००० |
|---|---|

३५ **PAMS दाखिला नगरी हस्तान्तरण**

भौचर नं ६३ ।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख भएकोमा पालिकाले २ थान Asus Zenbook i5 लगायतका सामान खरिद गरि क्वीक कम्प्युटर सोलुसनलाई रु ४१५०००।खर्च लेखेकोमा PAMS System मा सूचीदर्ता नगरि २ थान Asus Zenbook i5 पालिका अध्यक्षलाई हस्तान्तरण गरेको र वाकी सामान दाखिला नगरि खर्च गरेको नियमसम्मत नदेखिएको रू

| अनियमित भएको | ४,१५,००० |
|---|---|

३६ **कार्यक्रम भन्दा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्नेछ भन्ने उल्लेख छ । तपशिलका कार्यहरुमा वजेट विनियोजित नभएको र विनियोजित रकम भन्दा बढी खर्च गरेको नियम सम्मत नदेखिएको रु

| कार्यक्रमको नाम | स्वीकृत वजेट | भएको खर्च | वढी खर्च | कैफियत |
|---|---|---|---|---|
| हेलिप्याड देखि छातिसम्म सडक निर्माण | ८००००० | ८१२६०८ | १२६०८ | |
| सैरी नैनेल डाडा सडक मर्मत | ५००००० | ५०६६२१ | ६६२१ | |
| भडगाउ देखि सुकटियासम्म सडक निर्माण | ० | १४२४१५३ | १४२४१५३ | कार्यपालिकाको निर्णय नभएको |
| | | जम्मा | १४४३३८२ | |

| | |
|---|---|
| अनियमित भएको | १४,४३,३८२ |

## ३७ चालु खर्चतर्फ

३७.१ **व्यक्ति तथा पदाधिकारीको नाममा भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्थामा मालसामान खरिद गर्न कर्मचारीलाई पेश्की दिन सकिने व्यवस्था छ । सरकारी कामको लागि आवश्यक सामान लगायत अन्य खरिद कार्य कर्मचारी वा पदाधिकारीले व्यक्तिगत श्रोतबाट खर्च गरी कार्यालयमा सोधभर्ना माग गर्ने र भुक्तानी दिने कानूनी व्यवस्था रहेको छैन । यसप्रकार कानूनी प्रचलन प्रतिकूल कर्मचारी वा पदाधिकारीलाई भुक्तानी दिने परिपाटीमा नियन्त्रण गरि सम्बन्धित आपुर्तिकर्ताको नाममा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।यसका केहि उदाहरण -

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | प्रयोजन | संलग्न बिजक | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५५।२०८०-१०-१४ | बिरेन्द्र वहादुर शाही | विविध खर्च | पि.एस.होटल एण्ड नास्ता पसल | ९७,२१९ |
| | | | मञ्जु एण्ड आर.एन.होटल | |
| ११०।२०८०-११-१७ | प्रेम बहादुर शाही | मसलन्द | प्रेमधन स्टेशनरी | १९,५०० |
| ११७।२०८०-११-१८ | धर्मकला शाही | मसलन्द | विभिन्न | ४४,३२५ |
| १७८।२०८१-०१-२० | दिप बहादुर शाही | कर्णाली कोपिला स्याहार केन्द्र घरभाडा | घर भाडा सम्झौता | १,४४,००० |
| २८६।२०८१-०३-२३ | जनक बहादुर शाही | अग्नी ज्वाला कम्प्यूटर्स | मसलन्द | ५२,१६० |
| ३०४।२०८१-०३-२३ | बिरेन्द्र बहादुर शाही | नोद बुक सेन्टर एण्ड ग्यास बिक्री डिपो | मसलन्द | ९२,३६८ |
| ३२१।२०८१-०३-२४ | प्रकाश बहादुर शाही | जनता ग्यारेज | सवारी साधन मर्मत | ५३,८४४ |
| ३८।२०८१-०३-२४ | दत्त बहादुर शाही | यमन ट्रेडर्स एण्ड सप्लायर्स | 13 Letters Aqua Filter | २,९३,८०० |
| | | स्मृति एजिकेशन इन्ष्टिच्यूट | पोषण मैत्री फ्लेक्स छपाई | ३,९५,०२० |

३७.२ **घरभाडा** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४ मा वार्षिक पाँच लाख रुपैयाँ भन्दा माथिको घरजग्गा भाडामा लिनुपर्दा सार्वजनिक निकायले घर जग्गा आवश्यक भएको क्षेत्र वा स्थान,भाडामा लिन खोजेको घर जग्गाको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरण,घर जग्गाधनीले प्रस्ताव पेश गर्ने तरिका र त्यस्तो प्रस्तावका साथ पेश गर्नु पर्ने न्यूनतम विवरण लगायत सात दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने कानूनी व्यवस्था छ । यो बर्ष पालिकाले विभिन्न स्थानको घर भाडा बापत फरक फरक दरमा रु.२७,३९,९०० खर्च लेखेकोमा देहायको भुक्तानी कैफियत समेत कानूनी व्यवस्थाको पालना गरेको देखिएन् । खरिद नियमावलीको पालना गर्दै घरभाडामा मितव्ययिता र पारदर्शीता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | स्थान | मासिक दर | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३६।२०८०-०९-२७ | नविन शाही | खाडाचक्र | ५००० | ६०,००० | गत आ.व.को छुट समेत |
| ४४।२०८०-१०-०३ | मलेवम शाही | शुभकालिका ०५ | १३००० | ६५,००० | सम्झौतामा प्रयोजन र जग्गा धनि प्रमाण संलग्न नभएको । |
| ४७।२०८०-१०-०४ | अमृता चौलागाई | | १०००० | १,१८,८०० | ,, ,, |
| | डिल बहादुर शाही | | २३००० | २,२७,७०० | |
| | शर्मिला शाही | | ४००० | २१,६०० | |
| ५१।२०८०-१०-११ | किरन देवि शाही | | १२००० | ९७,२०० | ,, ,, |
| ६९।२०८०-११-४ | देउराम शाही | शुभकालिका ५ | ५००० | ३१,५०० | ,, ,, |
| | धनकृष्ण पाण्डे | खाडाचक्र ३ | १५६०० | ५५,०८० | ,, ,, |
| ११३। २०८०-११-१८ | पवित्रा कुमारी शाही | खाडाचक्र १ | ५५०० | ५९,४०० | ,, ,, |
| १४५। २०८०-१२-३० | मले वम शाही | | १३००० | ३५,१०० | सम्झौता संलग्न नभएको । |
| १९९। २०८१-०२-१३ | राजेन्द्र बहादुर शाही | शुभकालिका ०५ | ५००० | ४५,००० | ,, ,, |
| २००। २०८१-०२-१३ | गजेन्द्र बहादुर शाही | शुभकालिका ०७ | ५००० | २७,००० | २०७९।माघ देखि २०८० श्रावण सम्मको छुट समेत । |
| २१८। २०८०-०२-२२ | गौरादेवि शर्मा | खाडाचक्र ०१ | ५५०० | ५९,४०० | गत बर्षको छुट । |
| २९३। २०८१-०३-२३ | अमृता चौलागाई | शुभकालिका ०४ | १२००० | १,२९,६०० | सम्झौतामा प्रयोजन र जग्गा धनि प्रमाण संलग्न नभएको । |
| ३११। २०८१-०३-१२ | गौरादेवि शर्मा | खाडाचक्र ०१ | ५५०० | ५९,४०० | ,, ,, |
| ३२६। २०८१-०३-२४ | राजेन्द्र बहादुर शाही | शुभकालिका ०५ | १०००० | ७०,४०० | ,, ,, |
| १५०। २०८१-०१-०३ | दुर्गा शाही | शुभकालिका ०५ | १८००० | ८१,००० | ,, ,, |
| | | | जम्मा | १२,४३,१८० | |

३७.३ **सुनौला हजार दिनका आमाहरुलाई चल्ला वितरण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गो.भौ.नं.११५।२०८०-११-२८ बाट हरिलाल एण्ड पुना पशुपन्छी फर्मको बिजकमा न्यु हेम्पसायर एण्ड अष्टोलक जातको ११०० वटा चल्ला प्रति चल्ला रु.५०० को दरले खरिद वापत रु.५,५०,००० उल्लेख भएकोमा बिजक केरमेट भई रु.५,२५,००० भुक्तानी दिएको

देखियो । चल्ला खरिद गर्दा दररेट माग नभई सोझै खरिद गरेको छ । चल्ला वितरणको भरपाई परीक्षण गर्दा प्रति व्यक्ति ३ वटाको दरले १४७ जनालाई ४४१ चल्ला वितरण भएको, वडा नं.४ का अन्य २ जनालाई २२० चल्लाको दरले ४४० र १ जनालाई २१९ चल्ला वितरण गरेको देखियो । यसरी लाभग्राही छनौट र वितरणको स्पष्ट आधार र मापदण्ड बिना फरक फरक संख्यामा चल्ला वितरण गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,२५,००० |

३७.४ **सिल्पोलिन प्लाष्टिक**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३७८,८३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७.५ **जडानको प्रमाण** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। दहचौर गैरी सेरा हुदै जैगडासम्म सडक निर्माण योजनामा खरिद भएको देहायको सामाग्री प्रयोग नभई मौज्दात राखेको पाईयो । खरिद सामाग्री जडान भएको कार्यसम्पन्न प्रतिवेदन र नापी किताब पेश हुनुपर्ने रु.

| गो.भौ.नं.।मिति | आपूर्तिकर्ताको नाम | खरिद सामाग्री | संख्या | रकम (मू.अ.कर समेत) |
|---|---|---|---|---|
| ३२।२०८१-०३-२२ (प्रदेश शशर्त चालु) | कर्णाली इन्नोभेसन अर्डर एण्ड सप्लायर्स | ग्याविन बक्स (२*१*१) | ६८ थान | २,३९,३१४ |
| | | ग्याविन बक्स (१.५*१*१) | ८४ थान | २,४६,७९२ |
| | | ग्याबिन वायर | १४८ के.जी. | १९,२०६ |
| | | | **जम्मा** | **५,०५,३१२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०५,३१२ |

३७.६ **कार्यालय तथा मसलन्द सामाग्री** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै नियमावली, २०६४ को नियम ८५ अनुसार १० लाख सम्मको सोझै, नियम ८४ अनुसार २० लाख सम्म सिलवन्दी दरभाउ र नियम ३१ अनुसार बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ ।नमुना छनौट गरिएकोमा पालिकाले यो वर्ष विभिन्न कार्यालय तथा मसलन्द सामाग्री खरिदको लागि देहायका विभिन्न गो.भौ.नं.बाट रु.२८,१३,७४४ को दररेट माग गरी सोझै खरिद प्रकृयाबाट खरिद भएको अवस्था छ । सोझै खरिद गर्ने प्रकृयामा नियन्त्रण गरी प्रतिस्पर्धाबाट खरिद गर्ने विधिको पालना गर्नुपर्ने देखिएको छ ।

| मिति | गो.भौ.नं. | खर्च शीर्षक | आपूर्तीकर्ता | रकम |
|---|---|---|---|---|
| २०८१/०३/२३ | २७७ | मसलन्द तथा कार्यालय सञ्चालन | न्यू साझा स्पोर्टस एण्ड फर्निसीङ्ग स्टोर्स | २,०२,७२२ |
| २०८१/०३/२३ | २८९ | मसलन्द तथा कार्यालय सञ्चालन | विष्ट जनरल स्टोर | १,३२,६२० |
| २०८१/०३/२३ | २८९ | मसलन्द तथा कार्यालय सञ्चालन | नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि. | ९५,४८५ |
| २०८१/०३/२४ | ३२६ | मसलन्द तथा कार्यालय सञ्चालन | कर्णाली ईन्नोभेसन अर्डर एण्ड सप्लायर्स प्रा.लि | १,६८,१६३ |
| २०८१/०३/२४ | ३३५ | मसलन्द तथा कार्यालय सञ्चालन | न्यू साझा स्पोर्टस एण्ड फर्निसीङ्ग स्टोर्स | १,९७,७५० |
| २०८०/१०/१४ | ५९ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू नितेश ट्रेडर्स | ९७,५१९ |
| २०८०/१०/१९ | ६२ | मसलन्द तथा कार्यालय सामाग्री | भुषाल इन्टरप्राईजेज | १,८४,३०३ |
| २०८०/११/०६ | ७४ | मसलन्द तथा कार्यालय सामाग्री | सीता एण्ड राधा जनरल स्टोर | ५९,३४० |
| २०८०/११/०७ | ७५ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू साझा स्पोर्टस एण्ड फर्निसीङ्ग स्टोर्स | ३,२०,६२६ |
| २०८०/११/१३ | ८४ | मसलन्द तथा कार्यालय सामाग्री | आचार्य आकृती जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स | १,६७,२०० |
| २०८०/११/१६ | ९४ | मसलन्द तथा कार्यालय सामाग्री | विष्ट जनरल स्टोर | ९८,७९० |
| २०८०/११/१८ | ११७ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू साझा स्पोर्टस एण्ड फर्निसीङ्ग स्टोर्स | १,७६,५७३ |
| २०८०/११/३० | १२६ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू साझा स्पोर्टस एण्ड फर्निसीङ्ग स्टोर्स | १,७४,२२९ |
| २०८१/०१/१५ | १७७ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू साझा स्पोर्टस एण्ड फर्निसीङ्ग स्टोर्स | २,५२,४४२ |
| २०८१/०३/२३ | २८१ | मसलन्द तथा कार्यालय सामाग्री | आर. एस एण्ड डि.एस इलेक्ट्रोनिक पसल | १,४२,६४० |
| २०८१/०३/२३ | ३०१ | मसलन्द तथा कार्यालय सामाग्री | सत्यादेवी स्क्रीन प्रिन्टर्स/छापाखाना | ७८,६५० |
| २०८०/११/१३ | ८४ | मसलन्द तथा कार्यालय सामाग्री | आचार्य आकृती जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स | १,६४,६९२ |
| २०८०/१०/१४ | ५९ | मसलन्द तथा कार्यालय सामाग्री | न्यू नितेश ट्रेडर्स | १,००,००० |
| | | | जम्मा | २८,१३,७४४ |

३७.७ **बिजक भन्दा बढी भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।देहायको भुक्तानीमा श्रेस्तासाथ संलग्न बिजक भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | बिजक अनुसार हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| २७४। २०८१-०३-२३ | खत्री निर्माण सेवाको बिजक राखी हिक्मत खत्रीलाई भुक्तानी | १,०८,००० | १,१७,००० | ९,००० |
| ३२७। २०८१-०३-२४ | मष्टोदेव महिला संजाल (जनचेतना,विभिन्न दिवसीय कार्यक्रम,वडा स्तरीय महिला संजाल गठन) | ४,७७,१०० | ४,८०,००० | २,९०० |
| २९०। २०८१-०३-२३ | जातिय छुवाछुत तथा भेदभाव कार्यक्रम | ९५,१५० | ९८,५०० | ३,३५० |
| | | | जम्मा | १५,२५० |

| असुल गर्नुपर्ने | १५,२५० |
|---|---|

३७.८ **प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी** – आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा वित्तीय हस्तान्तरणको रकम सोहि शीर्षकमा खर्च गर्नुपर्ने र खर्च नभएको अवस्थामा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । विविध खाताको गो.भौ.नं.६०।२०८१-०३-२१ बाट स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत कुलदेव मन्दिर निर्माण योजनामा रु.३,००,००० बजेट विनियोजन भएकोमा रु.२,०९,६९९ मात्र श्रमिक ज्यालामा खर्च भई रु.९०,३०१ मौज्दात रहेको रकम संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ९०,३०१ |
|---|---|

३७.९ **पारिश्रमिक कर कट्टी** – आयकर ऐन ,२०५८ को दफा ८७ (ज्ञ)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा दम्पत्ति प्राकृतिक व्यक्तिको करयोग्य आयको पहिलो ६ लाखमा १ प्रतिशत, दोस्रो २ लाखमा १० प्रतिशतले पारिश्रमिक करकट्टा गर्नुपर्ने तथा एक्लो प्राकृतिक व्यक्तिको करयोग्य आयको पहिलो ५ लाखमा १ प्रतिशत, दोस्रो २ लाखमा १० प्रतिशतले पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको पारिश्रमिक भुक्तानी कर कट्टा नगरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.स | कर्मचारीको नाम | पद | करदाताको किसिम | बार्षिक आय | आयकरमा छुट रकम | कर रु. |
|---|---|---|---|---|---|---|
| १. | गमला कुमारी शाही | जनस्वास्थ्य निरीक्षक | दम्पत्ती | ८६७९२९ | १६४९३६ | ७६३९ |
| २. | खगेन्द्र प्रसाद चौलागाई | अ.हे.व. | दम्पत्ती | ८४४३४२ | १६१४४२ | २२९० |
| ३. | कुल बहादुर सेजुवाल | अ.हे.व. | दम्पत्ती | ८४४३४२ | १६१४४२ | २२९० |
| | | | | | जम्मा | १२२०९ |

| असुल गर्नुपर्ने | १२,२१९ |
|---|---|

३७.१०**कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भएको कारोबारको भुक्तानी गर्नुपूर्व अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । देहायको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टा गर्नुपर्ने रकम कट्टा नभएकोले दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | प्रयोजन | भुक्तानी रकम | करको दर | रकम |
|---|---|---|---|---|---|
| २१७। २०८१-०२-२१ | विभिन्न करार कर्मचारी | पोशाक तथा तलब | १०,८०,८०८ | १% | १०,८०८ |
| २२७। २०८१-०२-३० | मेनका शाही | जनतासँग उपाध्यक्ष कार्यक्रम (बैठक भत्ता) | ८९,००० | १५% | ८,०२५ (घटि कट्टा) |
| २४२। २०८१-०३-०६ | विभिन्न ४ जना | मसलन्द खरिद | २,५०,४६४ | १.५% | ३,७५६ |
| | | ढुवानी | ६३,५०० | १०% | ६,३५० |
| २७७। २०८१-०३-२३ | न्यु साझा स्पोर्टस एण्ड फर्निसिङ्ग | मसलन्द | २,०२,७२२ | १.५% | २,४२१ |
| ३१७। २०८१-०३-२४ | विभिन्न करार कर्मचारी | तलब भत्ता | ५,८९,१०६ | १% | ५,८९१ |
| ३२९। २०८१-०३-२४ | मेनका शाही (विपन्न महिला स्वाबलम्बन कार्यक्रम पे.फ.) | ढुवानी | २५,००० | १०% | २,५०० |
| | | बैठक भत्ता | १,१३,०४० | १५% | १६,९५६ |
| | | मसलन्द खरिद | ८८,०४० | १.५% | १,३२० |
| ३४४। २०८१-०३-२४ | स्वीस खाजा घर होटल एण्ड रेष्टुरेन्ट | ढुवानी | १,७९,५०० | १०% | १५,२५८ (घटि कट्टा) |
| ३०। २०८१-०३-२२ | रेशम बहादुर शाही | मुख्यमन्त्री रोजगार कार्यक्रममा खटिनेलाई प्रोत्साहन | ७२,००० | १५% | १०,८०० |
| | भिप प्रसाद चौलागाई | | ४८,००० | १५% | ७,२०० |
| ३४। २०८१-०३-२३ | सामुहिक उत्पादनको लागि लक्षित वर्गको भवन निर्माण योजना | ढुवानी | १,००,००० | १०% | १०,००० |
| १६७। २०८१-०१-०६ | रविन्द्रनाथ कश्यप | अग्रिम कर | ५२९०० | १५% | ७१४१ (२०हजार बढीको प्यान बिजकमा घटि कर कट्टा) |
| | | | | जम्मा | १०८४२६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०८,४२६ |

३८ **मू.अ.करमा दर्ता नभएका सँग खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले २० हजार रुपैयाभन्दा बढीको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिकराजस्व कार्यालयबाट स्थायी लेखा नं. र मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र प्राप्त गरेका, फर्म वा कम्पनीबाट मात्र खरिद गर्नुपर्दछ ।नमुना छनौट गरिएकोमा पालिकाले देहायबमोजिमको भौचरबाट रु.२० हजार घटीका प्यान विलबाट खाजा,खाना,सवारी साधन मर्मत, मसलन्द तथा कार्यालय सामग्री खरिदको टुक्रे बिजकबाट भुक्तानी दिएको छ । स्थायी लेखा नम्बर लिएका तर मूल्य अभिवृद्धि करमा दर्ता नभएका आपूर्तिकर्ताबाट सामान खरिद गरेको हुँदा नियमानुसारको बिजक जारी भए पश्चात मात्र खरिद कार्य गर्नु पर्दछ ।केहि उदाहरण -

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | बिजक संख्या | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४८।२०८०-१०-०५ | आर.एन.एन.आर.होटल एण्ड नास्ता पसल | १७ | खाजा | ३,५२,६२० |
| ७४।२०८०-११-०६ | सीता एण्ड राधा जनरल स्टोर्स | ६ | मसलनद | ५८,४५० |
| ७६।२०८०-११-०७ | बेदिका अटो पार्टस | ४ | सवारी मर्मत | ५३,७५० |
| ८०।२०८०-११-११ | आर.एन.एन.आर.होटल एण्ड नास्ता पसल | ११ | खाजा | १,८७,८०० |
| ८४।२०८०-११-१३ | आचार्य आकृति जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स | ९ | मसलन्द | १,६४,६९२ |
| ९३।२०८०-११-१६ | लक्ष्मी आयल स्टोर | १७ | इन्धन | १,७५,५२१ |
| ९४।२०८०-११-१६ | बिष्ट जनरल स्टोर्स | ६ | मसलन्द | ९७,३०८ |
| १०६।२०८०-११-१७ | आर.एन.एन.आर.होटल एण्ड नास्ता पसल | ११ | खाजा | १,७४,३५० |
| ११७।२०८०-११-१८ | मनकामना जनरल स्टोर्स | ३ | कार्यालय सञ्चालन | ६५,०१० |
| १७५।२०८१-०१-०५ | मनकामना जनरल स्टोर्स | ५ | कार्यालय सञ्चालन | ९५,५४५ |
| १७७।२०८१-०१-१५ | आर.एन.एन.आर.होटल एण्ड नास्ता पसल | १० | विविध खर्च | १,६९,९५५ |
| २१८।२०८१-०२-२२ | रारा जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स | ७ | विविध | ९३,७३९ |
| २६९।२०८१-०३-२२ | दशरथ होटल एण्ड लज | ३ | सभा सञ्चालन खर्च | ५०,३०० |
| २७९।२०८१-०३-२३ | आर.एन.एन.आर.होटल एण्ड नास्ता पसल | २० | सभा सञ्चालन खर्च | ३,६४,०१२ |
| ३००।२०८१-०३-२३ | सत्यादेवि स्क्रिन प्रिन्टर्स छापाखाना एण्ड कम्प्युटर मर्मत | ४ | ब्यानर छपाई | ७७,४०० |
| ३०१।२०८१-०३-२३ | जनता ग्यारेज | १२ | सवारी साधन मर्मत | ३,९६,००० |

३९ **खर्च पूष्टाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायको भुक्तानीमा कैफियत बमोजिम खर्च पूष्टाई हुने प्रमाण संलग्न नराखी भुक्तानी गरेकोले प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| १९२। २०८१-०२-०८ | विरेन्द्र बहादुर शाही पे.फ. | बाल बिकास केन्द्र शिक्षक तालिम | १,००,००० | कार्यक्रम प्रतिवेदन नभएको। डायरी,पेन खरिद भएकोमा वितरण नभएको । |
| २२७। २०८१-०२-३० | मेनका शाही | जनतासँग उपाअध्यक्ष कार्यक्रम | १,९३,७०१ | कार्यक्रम प्रतिवेदन, फोटो संलग्न नभएको । |
| २२९। २०८१-०२-३१ | उमेश राज धिताल | सवारी साधन भाडा | १,१२,५०० | सम्झौता नभएको, सवारीभाडाकोप्रयोजन नखुलेको । |
| २७६। २०८१-०३-२३ | बिरेन्द्र बहादुर शाही | परीक्षा सञ्चालन तथा व्यवस्थापन | १,४१,५०० | परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण कार्याशालाको पुष्टिहुने प्रतिवेदन संलग्न नभएको । |
| ३०१। २०८१-०३-२३ | स्वीस बेल रेष्टुरेन्ट | विभिन्न समयमा खाजा नास्ता | १,८१,१८७ | कुन कार्यक्रम र प्रयोजनमा खर्च भएको नखुलेको । |
| ३०८। २०८१-०३-२३ | जिज्ञासा होटल | विभिन्न खाजा नास्ता | १,३६,२२६ | खेलकुद प्रतियोगितामा खर्च भएकोमा खेलाडिको विवरण,प्रतिवेदन संलग्न नभएको । |
| ३२७। २०८१-०३-२४ | मष्टादेव महिला संजाल | जनचेतना कार्यक्रम सञ्चालन, वडा स्तरीय महिला संजाल गठन,विभिन्न दिवसिय कार्यक्रम पे.फ. | ४,८०,००० | कार्यक्रमको प्रतिवेदन,समुह गठन, कार्यक्रम सञ्चालनको फोटो नभएको । खाजा,खाना,मसलन्दको बिजकमा मिति उल्लेख नभएको । |
| ३२९। २०८१-०३-२४ | मेनका शाही पे.फ. | जनजाती उत्थान, विपिन्न महिला उत्थान खाद्यन्न वितरण | ७,९०,००० | कार्यक्रमको प्रतिवेदन र लाभग्राही छनौट पेश नभएको खरिद सामाग्रीको जिन्सी दाखिला नभएको । |
| २७४। २०८१-०३-२३ | टोप बहादुर बस्नेत | बस्नेत रिजर्भ सेवा मार्फत् सवारी भाडा | १,८३,६०० | विभिन्न समयमा सुर्खेत,सुकाटिया,मान्मा रिजर्भ गरेकोमा सम्झौता नभएको।प्रयोजन नखुलेको ।बिजकमा मिति नखुलेको । |
| | दिर्घ बहादुर शाही | अप्सरा जनरल अर्डर एण्ड सप्लायर्स सवारी भाडा | १,०४,४०० | |
| | हिक्मत खत्री | खत्री रिजर्व सेवा सवारी भाडा | १,१७,००० | |
| | | जम्मा | २५,४०,११४ | |

| | |
|---|---|
| अनियमित भएको | २५,४०,११४ |

## ४० जिन्सी दाखिला

आर्थिक कार्याविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । नमुना छनौट गरिएकोमा देहायको खरिद सामाग्री जिन्सी दाखिला नभएको हुदाँ सोको दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भो.नं. र मिति | भुक्तानी प्राप्त गर्नेको नाम | खरिद सामाग्री | रकम |
|---|---|---|---|
| ३२६।२०८१-०३-२४ | कर्णाली इन्नोभेसन अर्डर एण्ड सप्लायर्स प्रा.लि. | मसलन्द | १,६८,१६३ |
| ३३९।२०८१-०३-२४ | राधाकृष्ण इन्फोटेक अर्डर सप्लायर्स | मसलन्द | ६३,४३८ |
| ३४३।२०८१-०३-२४ | महादेव मा.वि. राराकाटिया | ६० थान बेञ्च डेक्स | ३,६६,९०० |
| **जम्मा** | | | **५९८५०१** |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **३६०,८६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रू **२८०,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९८,५०१ |

४१ **फरक खर्च शीर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) मा सम्बन्धित उपशीर्षकमा विनियोजन भएको एक समूहको खर्च शीर्षकको रकम नम्बरमा रकम अपर्याप्त छ र सो खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखिएमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को समूहको खर्च शीर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिन भित्र त्यसरी खर्च गरेको रकम नियम ४३ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ ।पालिकाले उक्त व्यवस्थाको पालना बेगर देहायको कैफियत सहित बजेट तथा शीर्षक फरक पारि खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं.।मिति | भएको खर्च शीर्षक | हुनुपर्ने खर्च शीर्षक | भुक्तानी प्राप्त गर्नेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २४७। २०८१-०३-२० | शिक्षा करार | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | विभिन्न ७ विद्यालय | ३,५०,००० | खेलाडीको विवरण प्रतिवेदन नभएको । |
| २२९। २०८१-०२-३१ | बाह्य विशिष्ट व्यक्ति तथा पदाधिकारी | कर्मचारी भ्रमण खर्च | विभिन्न | १,७६,१८५ | |
| २७९। २०८१-०३-२३ | सभा सञ्चालन खर्च | विविध खर्च | आर.एन.आर.होटल एण्ड नास्ता पसल | २,००,००० | सभा सञ्चालन भएको पूष्टाई नभएको । |
| ३१६। २०८१-०३-२४ | सवारी साधन मर्मत | गतबर्षको सवारी साधन मर्मत | जनता ग्यारेज | ३,९६,००० | गत बर्षको भुक्तानी दिने बजेटमा समावेश नभएको । |
| ३४४। २०८१-०३-२४ | विविध | सवारी साधन भाडा | स्वीस खाजा घर होटल एण्ड रेष्टुरेन्ट | १,७६,८०८ | |
| ३४८। २०८१-०३-२४ | विपद् व्यवस्थापन | पदाधिकारी भ्रमण खर्च | उर्मिला कुमारी अधिकारी | १,२०,००० | |
| | | | जम्मा | १४१८९९३ | |

| | |
|---|---|
| अनियमित भएको | १४,१८,९९३ |

४२ **भरपाई तथा बिजक नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।देहायको सामाग्री खरिदको भुक्तानी भएकोमा सो को भरपाई तथा बिजक श्रेस्ता साथ संलग्न नभएको साथै देहायको कैफियतमा उल्लेख भए अनुसार सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | खर्च शीर्षक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ११७। २०८०-११-१८ | मनिकेश आचार्य | मान्म सुर्खेत गाडि भाडा | २७,००० | आचार्य रिजर्भ सेवाको बिजकमा बिजक नं. उल्लेख नभएको । |
| ३०३। २०८१-०३-२३ | हिमानी होटल एण्ड नास्ता पसल | खाजा ।नास्ता (सुनौलो हजार दिन तथ्यांक संकलन) | ८३,७२४ | ५ वटा टुक्रे बिजक भएकोमा बिजकमा मिति उल्लेख नभएको । |
| ३२०। २०८१-०३-२४ | रेडियो शुभकालिका एफ.एम. | सूचना सन्देश प्रशारण | ९६,७७२ | बिजक नं.४२ देखि ४६ सम्म पेश भएकोमा मिति उल्लेख नभएको। सन्देश बजाएको प्रमाण संलग्न नभएको । |
| | | जम्मा | २०७४४६ | |

| प्रमाण पेश नगरेको | २,०७,४९६ |
|---|---|

४३ **मू.अ.कर कट्टा**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु बापतको रकम सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्दा भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम कट्टा गरि सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. ३२।२०८१-०३-२२ बाट कर्णाली इन्नोभेसन अर्डर एण्ड सप्लायर्सलाई विजक नं.१४।२०८१-०२-११ को भुक्तानी गर्दा मू.अ.कर रु.६२,३३३ को ३० प्रतिशत रु.१८,६९९ कट्टा गरि भुक्तानी गर्नुपर्नेमा कट्टा नगरी भुक्तानी दिएकाले मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १८,६९९ |
|---|---|

४४ **औषधि उपचार**

कर्मचारी सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम, २०७० मा सञ्चयकर्तालाई रु.१,००,००० सम्मको औषधि उपचार खर्चको रकम भुक्तानी गर्न सक्ने व्यवस्था छ । गो.भौ.नं.३११।२०८१-०३-२४ बाट सव-इन्जिनियर नन्द परेग उपाध्यायलाई कार्यालयको सिलसिलामा टाउकोमा चोट लागि उपचार गराएको खर्च बापत रु.४४,३२५ पालिकाबाट सोधभर्ना भुक्तानी गरेको छ । कर्मचारी सञ्चयकर्ताले सुविधा प्राप्त गर्न सक्ने व्यवस्थाको प्रयोग गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४५ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पूजिँगत कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी कार्यक्रम गरेकोमा लाभग्राहीको विवरण खुल्ने अभिलेख राखेको छैन । वितरणको मापदण्ड एवम् कार्यविधि र अभिलेख वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा वास्तविक लाभग्राहि समावेश नहुने एवम् सुविधा पाइसकेका लाभग्राहि दोहरिने सम्भावना हुन्छ। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।यस सम्बन्धी केही उदाहरण देहाय बमोजिम रहेका छन् -

| गो.भौ.नं.। मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| ३०८।२०८१-०३-२३ | शैक्षिक सामाग्री वितरण कार्यक्रम | ९५००० |
| ३२९।२०८१-०३-२४ | विपन्न महिला खाद्यन्न वितरण (जनतासँग उपाध्यक्ष कार्यक्रम) | २००००० |
| ११५।२०८०-११-१८ | सुनौलो हजारदिने आमाहरुलाई कुखरा चल्ला वितरण | ५२५००० |
| २८५।२०८१-०३-२३ | बाख्रा वितरण | ९८००० |
| २०२।२०८१-०२-१४ | छात्रवृत्ति वितरण | २७०००० |
| १५४।२०८१-०१-०३ | कृषि प्राविधिक अध्ययन छात्रवृत्ति | ४५००० |
| | **जम्मा** | १२३३००० |

४६ **उपभोक्ता समिति मार्फत् कार्य**

४६.१ **उपभोक्ता समिति दर्ता** —संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ५६ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.१०,८८,९३,४२९ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

४६.२ **उपभोक्ताको काम** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४६.३ **जटिलसंरचना निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएको देखियो ।यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| गाउपालिका भवन निर्माण | भवन निर्माण | ११९७४५०। |

४६.४ **हेभी इक्विपमेण्टको प्रयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत: डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने र सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा उपभोक्ता समितिहरुले मेशीन उपकरण प्रयोग गर्ने गरी दर विश्लेषण गरेकोमा पालिकाबाट सहमति नलिएको र समितिले गरेको देहायका कार्य क्रमागत रहेको पाईएकोले नियमावलीमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

| गोभौ नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ५१।२०८१। ३।२३ | अधिकारीवाडा देखि सुकटियासम्म सडक निर्माण उपभोक्ता समिति ( पुरानो वाकी) | सडक निर्माण | १६४४८११। | जे सि वि | १६४४८११। |
| ५२।२०८१। ३।२३ | भडगाउ देखि सुकटियासम्म सडक निर्माण उपभोक्ता समिति (पुरानो वाकी) | सडक निर्माण | १४२४१५३। | जे सि वि | १४२५२८३। |
| ५३।२०८१। ३।२३ | व्याउली दहचौर देखि चौकी वजार किमिडीखान सडक निर्माण उपभोक्ता समिति (पुरानो वाकी) | सडक निर्माण | १९७०५२५। | जे सि वि | २२५७८७०। |
| ५८।२०८१। ३।२४ | हेलिप्याड देखि छातिसम्म सडक निर्माण (गतको वाकी) | सडक निर्माण | ८१२६०८। | जे सि वि | ७००६००। |
| ५९।२०८१। ३।२४ | गविरा देखि कैलाससम्म सडक(पुरानो वाकी) | सडक निर्माण | १४९९१६०। | जे सि वि | ९२४५७०। |

माथि उल्लेखित योजनाको कार्यसम्पन्न भइ वजेट अभावले भुक्तानी नभएको र छुट्टाइएको वजेटको आधारमा नापिमा चढाइ भुक्तानी दिने गरेको कार्यालयको भनाइ रहेकोमा यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

४६.५ **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो गरेको छैन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने हुदां निर्माण कार्यमा प्रयोग हुने सामग्री लगायतको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

४६.६ **स्वामित्व हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 97 (12) बमोजिम उपभोक्ता समितिबाट निर्माण सम्पन्न पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्दछ । आयोजनाको स्वामित्व हस्तान्तरणबाट उपभोक्ता समितिलाई अपनत्व महशुस हुन्छ साथै योजनाको दिगोपना सुनिश्चित हुन्छ । तर पालिकाले यो आर्थिक बर्षमा उपभोक्ताबाट सम्पन्न कुनैपनि योजनको रेखदेख, मर्मत समेतको जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । नियमावलीमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४६.७ **उपभोक्ता समिति कार्यको बिमा** - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ ३(क) मा नियम ९७(क) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बिमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम १ बमोजिम बिमा गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा रु.२० लाख भन्दा बढी भएको कुनै पनि योजनामा बिमा गरिएको छैन । नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्वारा गरिने कार्यको अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

४६.८ **जनश्रमदान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति मार्फत् संचालित योजनाको लागत अनुमानमा उल्लेखित रकम भन्दा घटी कार्य मुल्यांकन भएको अवस्थामा पालिकाले अनुदान भुक्तानी गर्दा आनुपातिक कट्टा गरेर मात्र भुक्तानी दिनु पर्दछ । उपभोक्ता समिति मार्फत् गराएका निम्न निर्माण कार्य सम्झौतामा उल्लेख भएको भन्दा घटी कार्य मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा नगरेकोले देहाय अनुसारको बढी भुक्तानी रु.८००६५।असूल हुनुपर्ने रु

| उपभोक्ता समिति र काम | सम्झौता रकम | सम्झौता अनुसार भुक्तानी हुने रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| कुमालवाडा र परियार टोल ढल निकास योजना | २४०१०६२। | १९२००००। | २३०६२९८। | १८७५८५८। | ३१६३५। |
| गाउपालिका भवन निर्माण (विविध) | ३७५१७३९। | २८८००००। | १४९६८१३। | ११९७४५०। | ४८४३०। |
| | | | | जम्मा | ८००६५। |

| असुल गर्नुपर्ने | ८०,०६५ |
|---|---|

४६.९ **उपभोक्ताको कार्य निर्माण व्यवसायीबाट** - भौचर नं ६४।२०८१।३।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायीबाट गराउन नपाउने व्यवस्था छ । पालिकाले यो बर्ष कालिवुढाघाट देखि राराकाटी सडक (गत वर्षको) मर्मतको लागि सोहि सडक उपभोक्ता समितिमार्फत् कार्य गराउन सम्झौता गरेकोमा उपभोक्ता समितिले सर्मिला निर्माण सेवासँग सम्झौता गरी रु ९०४८९०।को बिल बीजक पेस गरी सर्मिला निर्माण सेवालाई रु ९१४०३०।भुक्तानी (वढी रु ९१४०।) दिएको पाइयो । नियममा भएको उल्लेखित व्यवस्था विपरीत कार्य भएको नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | ९,१४,०३० |
|---|---|

४६.१० **सार्वजनिक सुनुवाई एंव सामाजिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(5) बमोजिम हरेक स्थानीयतहले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी, जवाफदेही, प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहीतालाई प्रभावकारी बनाउने व्यवस्था छ । उपभोक्ता समिति मार्फत् सञ्चालित योजनाको आय व्यय, कार्यसम्पादन स्थिति, उपभोक्ताको योगदान लगाएतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण नगरेकाले पारदर्शिता र जवाफदेहीताको पालना भएको सुनिश्चित गर्न सकिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

४७ **शशर्त चालुतर्फ**

४७.१ **संस्थागत अनुदान:** भौचर नं २०८।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा श्रेस्तासाथ संलग्न अनुसूची ५ मा २०८० श्रावण देखि

२०८१ जेष्ठ सम्म सामान्य प्रसुती ८८ जनाको रु २५००। का दरले रु २२००००। र जटिल प्रसुति ३ जनाको रु ४०००।का दरले रु १२०००।समेत रु २३२०००। अनुदान खर्च लेख्नुपर्नेमा स्वास्थ्य केन्द्र भर्तालाई रू २६७०००। अनुदान दिएकोले वढि अनुदान रकमको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,००० |

४७.२ **प्रभावकारी उपयोग:**भौचर नं १५५।२०८१।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामान सम्वन्धी व्यवस्था रहेकोमा ढाकाको व्यवसायिक उत्पादन तथा बजारीकरणका लागि पालिकाले चुलिमालिका महिला कृषि समूह वडा नं ५ र देवलडाँडा वडा नं ८ को लागि विभिन्न १९ प्रकारका सामाग्री खरिद गरी आपूर्तकले सामान सम्वन्धित ठाउँमा पुर्‍याएको र वडाबाट सिफारिश भएको आधारमा रू ५३९८५८७।- खर्च लेखेको छ। सामान निर्धारित गुणस्तर र स्पेशिफिकेशन अनुसारको भएको प्रमाणित हुने अभिलेख सम्बन्धित समूहलाई बुझाई समूहको नाममा दाखिला भएको प्रमाणित अभिलेख, समूहले सामान माग गरेको प्रमाण स्रेस्ता साथ संलग्न नभएकोले कार्यक्रमको लक्ष्य हासिल हुने गरी समूहको माग अनुसारका सामान खरिद गरी त्यसको प्रभावकारी उपयोग हुने गरी स्रोत साधनको प्रयोग गर्नेतर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ।

४७.३ **परामर्श खरिद** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । भौचर नं २०७।२०८१।३।२४ ढाकाको व्यवसायिक उत्पादन तथा बजारीकरण गर्न वडा नं ५ र ८ का समूह सदस्यहरूलाई १५ दिने ढाका बुनाई सम्बन्धी तालिम, सरोकारवाला, पालिका, वडा तह, वित्तीय संस्थासँग समन्वय लगायतका कार्य गर्ने गरी पालिका र छनौट भएको संस्था रिम्पल ट्रेनिङ एण्ड कन्सल्टिङ सर्भिस प्रा लि सँग २०८१।३।२२ भित्र कार्यसम्पन्न गर्ने गरि २०८१।३।१२ मा रु १७५७२५०। को सम्झौता भएकोमा संस्थाले पेश गरेको अन्तिम प्रतिवेदन २०८१।३।२३ को बिलका आधारमा रू १७५७२५०। खर्च लेखेको छ। सम्झौता र बिल पेश भएको मितिको अवधि ११ दिन मात्र भएकाले सम्झौता बमोजिमका क्रियाकलाप तथा तालिम सोही अवधिमा सम्पन्न भएको देखिने तालिम तथा क्रियाकलापको अवधि खुल्ने अभिलेख नरहेकोले यकिन गर्न सकिएन।तसर्थ पालिकाबाट यथार्थता यकिन गरि प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,५७,२५० |

४७.४ **रकमान्तर खर्च:** १४५।२०८१।२।२३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको रकम खर्च गर्दा तोकिएका कार्यक्रममा निश्चित गरिएका विधि र प्रक्रिया पुरा गर्नुपर्दछ। पालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको रू २४७७६४। चालु खातामा रकमान्तर गरेको छ। रकमान्तर गर्न नमिल्ने उक्त रकम संघीय संचितकोष दाखिला हुनुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४७,७६४ |

४७.५ **धरौटी जफत:** भौचर नं २०९।२०८१।३।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१३) क मा छनौट भएको सिलबन्दी दरभाउपत्र दाताले खरिद सम्झौता नगरेमा निजले बोलपत्र पेश गर्दा राखेको धरौटी जफत गर्नुपर्ने व्यवस्था छ। पालिकाले सेनिटरी प्याड खरिदको लागि कम मूल्य कबोल गर्ने बुद्धबाहु उद्यमी ट्रेड सेन्टर विरेन्द्रनगरले आपूर्ति गर्न असमर्थता जनाएकोले बोलपत्र वापत राखेको धरौटी रू ३६०००। जफत गरि राजस्व दाखिला हुनुपर्ने

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४७.५.१ | गर्ने बुद्धबाहु उद्यमी ट्रेड सेन्टर | ३६,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

४७.६

**बढी भुक्तानी :** भौचर नं १९३।२०८१।३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सुत्केरी यातायात तथा उत्प्रेरणमा ५७ जनालाई रू ३८००। का दरले रू २१६६००।खर्च लेखि नेत्रलाल आचार्यको नामको पेश्की फस्यौर्ट गरेकोमा संलग्न श्रेस्तामा ५२ जनाको मात्र भरपाई रू १९७६००। रहेकोले बढी पेश्की फस्यौर्ट भएको रु १९०००।असूल हुनुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४७.६.१ | नेत्रलाल आचार्य | १९,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,००० |

४८ **पेश्की बाँकि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्यौर्ट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्यौर्टको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको पेश्की फस्र्यौट नभएकोले म्याद नाघेको पेश्की फस्र्यौट हुनुपर्ने रु.

| मिति | गो.भौ.नं. | पेश्कीको विवरण | पेश्की प्राप्त गर्नेको नाम | रकम |
|---|---|---|---|---|
| २०८०।-०९। २७ | ३१ | अन्य कार्यालय सञ्चालन खर्च | जनक बहादुर शाही | ४,५०,००० |
| २०८०-११-१६ | १०० | तथ्याङ्क संकलन तथा पुस्तक प्रकाशन कार्यक्रम | बिरेन्द्र बहादुर शाही | १,००,००० |
| २०८१-०२-११ | २५ | माघीधारा खानेपानी तथा सरसफाइ योजना (साझेदारी) कर्णाली जल परियोजना | माघीधारा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | ३,५०,००० |
| २०८१-०२-१४ | २ (विविध खाता) | गाउँपालिका भवन निर्माण योजना | गाउँपालिका भवन निर्माण उपभोक्ता समिति | ३,५०,००० |
| | | | जम्मा | १२,५०,००० |

| | |
|---|---|
| पेश्की | १२,५०,००० |

४९ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : शुभ कालीका गाउँपालिका, कालिकोट , शुभ कालिका गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गणेश बहादुर शाही | २०७९-४-१ | २०८१-१-२४ |
| कार्यालय प्रमुख | केन्द्र बहादुर शाही | २०८१-१-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कृष्ण बहादुर रोकाया | २०८०-९-१ | २०८१-५-१७ |
| लेखा प्रमुख | विरकुन्ज घर्ती मगर (कम्प्युटर अपरेटर) | २०८१-३-२८ | २०८१-५-२४ |
| लेखा प्रमुख | Rekha Khatrai | २०८१-६-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५५५,२३५ | १९,३१३,२८५ | ३१,२०६,२०९ | ० | ० | १,२५०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५४,३२४,७२९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २१,०२८,०२७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३३,२९६,७०२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १६२८७१३९.९९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६९८४९४७६ | **चालु खर्च** | २८३७९०३७५.७ |
| **प्रदेश सरकारबाट अनुदान** | ३३९८४७८८ | **पूँजीगत खर्च** | १७२२०९६५९ |
| **राजश्व बाँडफाँट** | ६७७८२५४४.८४ | **वित्तीय/अन्य व्यवस्था** | २८५०५०२६.०१ |
| **आन्तरिक आय** | १०९३१२२.९१ | | |
| **अन्य आय** | १३०८६०३३०.२६ | | |
| **कुल आय** | ५०३५७०२६२.०१ | **कुल खर्च** | ४८४५०५०६०.७१ |
| **बाँकी मौज्दात** | | ३५३५२३४१.२९ | |

## अनुसूची - २

| सि.नं | लेखापरीक्षण | लेखापरीक्षण गरिएका बिषय |
|---|---|---|
| 1 | आन्तरिक नियन्त्रण प्रणाली | आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन |
| 2 | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| 3 | नीति तथा कार्यक्रम,बजेट र योजना | नीति तथा कार्यक्रम,बजेट र योजना कार्यान्वियनको अवस्था |
| 4 | भूक्तानीमा कर कट्टी | भुक्तानीमा कर कट्टीको कार्यान्वियन |
| 5 | मुख्यमन्त्री रोजगार कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वियन |
| 6 | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वियन |
| 7 | शिक्षा तर्फ | शिक्षा तर्फ वजेट तथा कार्यक्रम कार्यान्वियन |
| 8 | चालु तथा प्रशासनिक खर्च | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| 9 | तलब भत्ता तथा पारिश्रमिक खर्च | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, पारिश्रमिक खर्च र करार सेवा) |
| 10 | तालिम तथा कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च कार्यान्वियन |
| 11 | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन कार्यान्वियन |
| 12 | उपभोक्ता समिति | उपभोक्ता समिति मार्फत् कार्य |
| 13 | स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च | स्वास्थ्य तर्फ कार्यक्रम कार्यान्वियन |
| 14 | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ कार्यक्रम कार्यान्वियन |
| 15 | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा भत्ता वितरण |
| 16 | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।